का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ वैशाख २०७९,
बुधबार
4 May 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ८८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



इस्लाम धर्मालम्बीहरुले मंगलबार ईद-उल-फित्र अर्थात् इद मनाज पढेर बनाएका छन् । वीरगञ्जको छपकैयास्थित इदगाह अगाडि मनाज पढिदै । तस्वीर: विजयकुमार महतो, रासस

स्थानीय चुनाव

# तालमेल, तानातान र प्रचारमा होड

मतदानको दिन नजिकिँदै जादा राजनीतिक दल र उम्मेद्वारहरुमा प्रचार होड देखिएको छ । सत्तारुढ गठबन्धन संयुक्त र एक्ला-एक्लै प्रचारमा छन् । एमालेको प्रचार पनि उत्तिकै आक्रामक छ ।



“देशका बिभिन्न ठाउँमा शीर्ष नेताहरुको सम्बोधन तालिका तय भएको छ । प्रचार अवधि कम भएकाले मतदाताको घरदैलोमा पुग्न पनि उत्तिकै हतार छ ।

**प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस



“एकातिर एमाले र अर्कोतिर बाँकी दलहरु भएको अवस्थामा हाम्रो प्रचारशैली अरुको भन्दा बढ्ता प्रभावकारी हुनु जरुरी छ । किनकि गठबन्धनले छरेको भ्रम त कम्तिमा चिर्नुपर्छ ।

**प्रदीप ज्ञवाली**
उपमहासचिव, नेकपा एमाले

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० वैशाख ।

बुधबारबाट कांग्रेसले देशभर चुनावी सभा आयोजना गर्दैछ । जहाँ पार्टीका शीर्ष नेताहरुले सम्बोधन गर्नेछन् । कांग्रेसले २१ वैशाखमा विराटनगरमा, २२ वैशाखमा चितवनको भरतपुरमा, २३ वैशाखमा काठमाडौंमा, २४ वैशाखमा रुपन्देहीको बुटवलमा, २४ वैशाखमा तनहुँको दमौली र धनुषाको जनकपुरमा चुनावी सभाको आयोजना गरेको छ ।

२५ वैशाखमा कास्कीको पोखरा र दाङको तुलसीपुरमा, २६ वैशाखमा कैलालीको धनगढीमा र २७ वैशाखमा डडेलधुरामा चुनावी सभा आयोजना गरिएको छ जहाँ प्रधानमन्त्री एवं कांग्रेस सभापति देउवासहितका नेताहरु डा. शशांक कोइराला, महामन्त्री गगन थापा लगायतका शीर्ष नेताहरुले सम्बोधन गर्नेछन् ।

साथै कांग्रेस पाँच दलीय सत्तागठबन्धनको संयुक्त चुनावी सभाको तयारीमा पनि छ । २२ गते चितवनको भरतपुर महानगरपालिकामा संयुक्त आमसभा आयोजना गरिँदैछ । २३ गते काठमाडौंमा संयुक्त आमसभा छ । जहाँ सत्तारुढ गठबन्धनमा रहेका पाँचै दलका शीर्ष नेताहरुले सम्बोधन गर्नेछन् ।

सत्तारुढ गठबन्धन संयुक्त र एक्ला एक्लै प्रचारमा पनि छन् । एमालेको आक्रामक प्रचार उस्तै देखिन्छ । एमाले अध्यक्ष केपी शर्मा ओली स्वमं देश दौडाहमा छन् । ओलीको सचिवालयका अनुसार उनले एकै दिनमा आधा दर्जन कार्यक्रमहरुमा सहभागिता जनाइरहेका छन् । एमालेका शीर्ष नेताहरु नै गाउँ गाउँमा गएर घरदैलो कार्यक्रम गरिरहेका छन् ।

नेपाली कांग्रेस प्रवक्ता प्रकाशसरण महत आफुहरु प्रचार होडमा रहेको स्वीकार्छन् । ‘देशका बिभिन्न ठाउँमा शीर्ष नेताहरुको सम्बोधन तालिका तय भएको छ । प्रचार अवधि कम भएकाले मतदाताको घरदैलोमा पुग्न पनि उत्तिकै हतार छ’ महतले भने ।

मतदानको दिन नजिकिँदै जादा राजनीतिक दल र उम्मेद्वारहरुमा प्रचार होड देखा परेको हो । यसलाई स्वभाविक मान्छन् नेकपा एमाले उपमहासचिव प्रदीप ज्ञवाली । उनी भन्छन्,

– बाँकी पृष्ठ २ मा

# चुनावी खर्च बैंकबाट मात्रै

विभिन्न राजनीतिक दल र उम्मेदवारले चुनावी खर्च बैंक मार्फत नगरेको गूनासो आएपछि निर्वाचन आयोगले आचारसंहिताको ख्याल गर्न सबैलाई निर्देशन दिएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २० वैशाख ।

निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाका अनुसार पछिल्लो समय निर्वाचन आयोगका आएका उजुरीहरुमध्ये सबैभन्दा धेरै उजुरी परेको विषय हो- चुनावी खर्च ।

चुनावी खर्च अस्तव्यस्त भइरहेको, बैंकमार्फत चन्दा लिने र दिने काम नभएको, चुनावी खर्च गर्दा बैंकको प्रयोग नभएको, चुनावी खर्चका लागि राजनीतिक दल र उम्मेदवारले छुट्टै बैंक खाता नखोलेको भनेर आयोगमा उजुरीको चाङ लागेपछि आयोगले मंगलबार विप्ती नै निकालेर सम्बद्ध सबैलाई निर्देश गरेको हो ।

पच्चीस हजार रुपैयाँ भन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैङ्क वा वित्तीय संस्था मार्फत् गर्नुपर्ने कानुनी व्यवस्था छ । तर, यसको पालना नभएको गूनासो निकै आएको छ ।



**दिनेश थपलिया**
प्रमुख निर्वाचन आयुक्त

प्रमुख निर्वाचन आयुक्त थपलिया भन्छन्, ‘पच्चीस हजार रूपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैङ्क वा वित्तीय संस्था मार्फत गर्नु पर्ने कानुनी व्यवस्था छ । तर, यसको पालना नभएको गूनासो निकै आएको छ ।’ निर्वाचन आयोग ऐन, २०७३ ले निर्वाचन खर्च सम्बन्धी व्यवस्था छ । जहाँ उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्न बैङ्क वा वित्तीय संस्थामा खाता खोल्नुपर्ने उल्लेख छ ।

उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्नु पर्ने, तोकिएका पदाधिकारीको नाम नामेसी सहितको विवरण उम्मेदवारले निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयमा जानकारी गराउनु पर्ने लगायतका व्यवस्था आचारसंहितामा रहेको भएपनि कार्यान्वयनका सन्दर्भलाई लिएर प्रश्न उठेको आयोगकै अधिकारीहरु बताउँछन् ।

व्यक्ति वा संस्थाबाट चन्दाको रूपमा नगद लिएमा सो रकम बुझेको रसिद वा भरपाई दिई उम्मेदवारको वा राजनीतिक दलको बैङ्क खातामा जम्मा गर्नु पर्ने, खर्चको बिवरण तथा बिल भरपाई राख्नु पर्ने, आम्दानी तथा खर्चको विवरण

– बाँकी पृष्ठ २ मा

# दोहोरिरहने नियति गन्हाइरहने शहर



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १९ वैशाख ।

काठमाडौ उपत्यकाको फोहोर करिब दश दिनदेखि नउठ्दा सहर दुर्गन्धित बनेको छ । पासाङल्हामु राजमार्गका स्थानीयको अवरोधका कारण फोहोर व्यवस्थापन हुन नसक्दा काठमाडौं पुन दुर्गन्धित बनेको छ ।

गत वैशाख ११ गतेदेखि पुन: काठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहोर व्यवस्थापन कार्य रोकिएको हो । काठमाडौँ महानगरपालिकाले केही दिन नेपालटार हुँदै वैकल्पिक बाटो मार्फत् फोहोर व्यवस्थापन गरेपनि हाल फोहोर व्यवस्थापन रोकिएको छ । लगातारको वर्षा र स्थानीयको रोकावट पछि फोहोर व्यवस्थापन पूर्ण रुपमै ठप्प भएको हो ।

हाल फोहोर व्यवस्थापन भइरहेको स्थानभन्दा दुई किलोमिटर पर बञ्चरेडाँडामा निर्माणाधीन दीर्घकालीन फोहर व्यवस्थापनस्थलको काम निर्धारित समयमा सम्पन्न हुन नसक्दा पनि समस्या आएको काठमाडौं महानरपालिकाले जनाएको छ ।

उपत्यकाका चोकचोकमा फोहर थुप्रिदा आवतजावतमा मात्रै होइन, दुर्गन्धले समेत सताएको अनामनगरी सरिता पुरीले बताइन् ।

– बाँकी पृष्ठ २ मा

## सुधारको प्रतिफल कामदारलाई दिन महानिर्देशक पौडेलको आग्रह

# विभागले व्यवसायको मर्म बुझ्नुपर्ने व्यवसायीको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० वैशाख

वैदेशिक रोजगार विभागले अनलाइन प्रविधिका माध्यमबाट सेवा प्रवाहमा चुस्तता ल्याएको भन्दै त्यसको प्रतिफल वैदेशिक रोजगारीमा जाने कामदारलाई दिन आग्रह गरेको छ । अनलाइन प्रविधिका माध्यमबाट श्रम स्वीकृति प्रदान गरेर सेवा सहज पारेपछि वैदेशिक रोजगार विभाग र विभाग अन्तर्गतको वैदेशिक रोजगार कार्यालय ताहाचलको परिचय नै बदलिएको छ ।

केही दिनअघि प्रगतिशील वैदेशिक रोजगर व्यवसायी मञ्च नेपालको





प्रतिनिधिमण्डलसँगको भेटमा महानिर्देशक शेषनारायण पौडेलले विभागले गरेको सुधार र सुशासनले व्यवसायीको लागत घटेकोले त्यसको प्रतिफल कामदारले पाउनुपर्ने बताए । महानिर्देशक पौडेलले म्यानपावर व्यवसायीले वैदेशिक रोजगारमा जाने कामदारले तिर्ने सेवा शुल्कमा देखिने गरी ‘डिस्काउन्ट’ हुनुपर्ने

वैदेशिक रोजगार विशेष

समेत बताए ।

ताहाचलले गत माघदेखि पुन: र यहि २ वैशाखदेखि संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत हुने श्रम स्वीकृतिको काम अनलाइन प्रणालीबाट प्रदान गरिरहेको छ । उक्त कार्यालयले पुन: श्रम स्वीकृति, संस्थागत गरी दुई प्रकारका श्रम स्वीकृतिको काम पूर्णरूपमा अनलाइन माध्यमबाट प्रदान गरिरहेको छ भने केही समयपछि नै व्यक्तिगत (नयाँ श्रम स्वीकृति) पनि अनलाइन माध्यमबाट दिने तयारी गरिरहेको छ ।

प्रविधिको प्रयोग गरी श्रम स्वीकृति दिँदा भौतिकरूपमा सेवाग्राही उपस्थित नहुने भएपछि उक्त कार्यालय आजभोलि सुनसान बनेको छ । भ्रष्टाचार बढाउन विशेष भूमिका खेल्ने बिचौलियाको भागाभाग भएको छ ।

विभागले गरेको अनलाइन श्रम स्वीकृतिले व्यापक सुधार भएपनि वैदेशिक रोजगार व्यवसायी भने विभागले व्यवसायीप्रति गरिरहेको व्यवहारले पूर्णरूपमा खुसी हुने अवस्था नरहेको बताउँछन् । नेपाल

– बाँकी पृष्ठ २ मा

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित मेनपावर कम्पनीका लागि कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

डकुमेन्टेसन अफिसर: २ (पुरुष/महिला)
(तलब : आपसी समझदारीमा)


सम्बन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभव भएको हुनुपर्नेछ ।

इच्छुक व्यक्तिले आफ्नो बायो डाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।
मोबाइल : ९८४१६८०३७९, Email: rajeevmishra045@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
२१ वैशाख २०७९, बुधबार
4 May 2022, Wednesday

# कृष्णनगर बजार क्षेत्र थप व्यवस्थित बन्दै

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, २० वैशाख



पटक-पटकको लकडाउन र सिमा बन्दले ध्वस्त बनेको कृष्णनगर बजारमा अहिले चहलपहल बढ्न थालेको छ । विश्वव्यापी रुपमा फैलिएको कोरोनाका कारण गरिएको लकडाउन र नेपाल-भारत सीमा बन्दले जिल्लाका प्रमुख नाकासँग जोडिएका कृष्णनगर, मर्यादपुर लगायतका बजारमा चहलपहल कम हुँदै गएको छ ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्रको रुपमा कृष्णनगरका व्यवासायीहरु झन् पीडित बनेका थिए । सटर भाडादेखि कर्मचारी खर्चसम्म जोहो हुन नसक्ने अवस्थामा पुगे । कतिपय त पारि भारतको बढ्नी बजारमा पसल खोले त कतिले पसल नै बन्द गरी अर्को पेसा अंगाले । सीमानाका निर्वाध रुपमा सञ्चालन हुँदा कृष्णनगर बजारमा चहलपहल बढेको स्थानीय व्यापारीहरुको भनाइ छ ।

उद्योग वाणिज्य संघ कृष्णनगरका सदस्य आशिष गोयल भन्छन्, 'भित्री नाका खुलेपछिको व्यापार राम्रो भएको छ तर, बजारलाई अझ व्यावस्थित बनाएमा झन टेवा पुग्ने छ ।' बाटो-नाली बनिरहेकै छ, एउटा हाटबजार र गाडि पार्किङ्गको सुविधा थपेपछि कृष्णनगर बजारको बिकास झन राम्रो हुने गोयलले बताए ।

कृष्णनगरमा चाइना, कोरिया, ताइवानलगायतका इलेक्ट्रिक र इलेकट्रानिक्स सामान, लत्ता कपडा, ज्याकेट र केही मात्रमा मसला सामग्रीहरुको व्यापार हुने गरेको छ । लकडाउन र सीमा बन्दले भारतीय ग्राहक आउने संख्या लगभग शून्य भएको थियो । तर अहिले सीमानाका सुचारु हुने भएकाले व्यापार सुध्रिन लागेको व्यापारी अजित सिंह बताउँछन् ।

तत्कालिन सरकारले नेपाल-भारतको सीमा बन्द गरेको भएपनि अहिले सबै नाका निर्वाद रुपमा खोलेर व्यापारलाई प्राथमिकता दिएको नेपाली कांग्रेसका प्रतिनिधि सभा सदस्य अभिषेक प्रताप शाहले बताए । सांसद शाहले कृष्णनगरको भित्री नाका खुलाउनमा नगरप्रमुख रजत प्रताप शाहले पटक-पटक जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा निवेदन दिएका छन् ।

निर्वाचनमा मात्र देखिने नेताहरु कोहि कसैले व्यापारी र आम जनमानसको बारेमा सोच्दैन् । यसपालीका स्थानीय तह निर्वाचनमा उम्मेद्वारी दिएका धेरै जसो नेता व्यापारी र चुनावका बेला मात्र देखा पर्ने हुन् तर हामी चौबिसै घण्टा जनताको बीचमा रही सेवा गर्दै आएकाले निर्वाचित भईरहेका छौं र हुन्छौं पनि ।

बीस वर्षदेखिको जनप्रतिनिधि विहिन स्थानीय तहमा निर्वाचन २०७४ पछि नगरपालिकाको विकास निर्माणका काम सुचारु गर्न नीति नियम बनाउन नै एक वर्ष खर्च भयो अहिलेपनि केही नीतिहरु बाँकी नै रहेको निर्वतमान नगरप्रमुख रजत प्रताप शाहले बताए । उनी भन्छन्, 'विकासका कामहरु थुप्रै भएका छन् । जसमा शिवराज अस्पतालमा अप्रसेन थ्रेटर भवनसहितको २५ श्याको अस्पताल, विभिन्न वडामा स्वास्थ्य चौकी, गाउँभित्रका सडकलगायत नगरकेन्द्रसम्म कनेक्टिविटि रोड तथा पुल, टिन छानामा अध्यापन हुँदै आएका विद्यालयमा पक्की भवन निर्माण, कृष्णनगर बजार रोड र बहादुरगंज बजार रोड निर्माणधीन अवस्थामा छन् ।' नगरपालिकाले आफ्नो बजेट अनुरुपका योजना संचालन गरिरहेछ तर केही राजनीतिक व्यक्तिहरु बदनाम गराउने, मन्त्रालयलाई उक्साउने र आफूविरुद्ध लामबाद्ध भई विकासका काममा बाधा पुर्याउने गरेको उनले बताए ।

कुनै पार्टीमा आवद्ध नरहेकाले राजनीतिक संरक्षण तथा ठूला योजना पाउन गाह्रो हुँदै गएको उनको भनाइ छ ।

उनले भने, 'सबै पार्टीवालाले यस नगरपालिकालाई हेर्ने दृष्टिकोण फरक भईरहेको थियो त्यही भएर नेपाली कांग्रेसमा आवद्ध भए । कृष्णनगरका व्यासायीलाई मैले कहिले पनि समस्यामा पारेन, जहिलेपनि सहयोग गरेको छु ।' उनले थपे, 'विकासका काम एकैचोटीमा सम्पन्न हुँदैनन् । विस्तारै विस्तारै हुने प्रक्रिया हो । नगरभित्र पुराना जीर्ण मन्दिर, धर्मशालाहरु पुनर्निर्माण गराई सकेको छु अबको आउने निर्वाचनमा जनताले अवसर दियो भने ३ र ५ वर्षीय लघु योजना तैयार गरि अगाडि बढ्ने छु र आफ्ना पूर्वजको सपना जिल्ला कै सुन्दर र विकसित क्षेत्र बनाएरै छाड्ने छु ।'

त्यस्तै बजारभित्र सार्वजनिक स्थलमा शुद्धपानी, छाडा चौपायाहरुको व्यवस्थापन र व्यवसायीहरुको सुरक्षा तथा संरक्षण आवश्यक रहेको उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष गुरुशरण सिंहले बताए ।

कृष्णनगर नाका भारतीय रेल्वेसँग सबभन्दा नजिक बजार भएकाले सम्बन्धित सबैले ध्यान दिन जरुरी देखिएको पूर्वअध्यक्ष सिंहको भनाई छ ।

# मनाइयो इदुल फित्र

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २० वैशाख



अरबी पात्रो हिजरी संवत् अनुसार दशौं महिना (सौवाल) को पहिलो दिन मंगलबार देशभरका मुस्लिम समुदायले नमाज पाठ गर्नाका साथै ठूलाबडाबाट आशीर्वाद लिएर इदुल फित्र पर्व मनाएका छन् ।

दशौँ महिनाको पहिलो दिन नमाज पाठ सकेपछि तीन दिनसम्म आफ्ना मान्यजनबाट आशीर्वाद लिइन्छ । यसपर्वमा आफूभन्दा सानालाई आशिर्वाद दिने र आशीर्वाद लिन आउने आफन्तलाई सेवई, खजुरलगायत मीठा खानेकुरा खान दिने चलन छ । घरभन्दा टाढा-टाढा भई फर्कन नभ्याउनेले पनि मान्यजनबाट आशिर्वाद लिन्छन् ।

यो पर्वको अर्को उल्लेखनीय पक्ष दीनदुःखी र गरिबलाई दान दिनु हो । यस पर्वमा मुस्लिम धर्मावलम्बीले एक वर्षभित्रको बचतको साढे दुई प्रतिशत नगद वा जिन्सी दान गर्नुपर्ने विधान धर्मग्रन्थ कुरानमा उल्लेख गरिएको छ ।

यसरी दान गरिएको नगद वा जिन्सी दीनदुःखी एवं गरिबलाई बाँडिन्छ । जसलाई जकात भनिन्छ । इदउल फित्रमा प्रत्येक व्यक्तिले आफ्नो गच्छेअनुसार गहुँ वा सो बराबरको नगद दान गर्छन् । जसलाई सत्कार फितर भनिन्छ । यो दान आमाको पेटमा आएको बच्चाको नाममा पनि गरिनुपर्छ भन्ने नियम मुस्लिम ग्रन्थमा उल्लेख छ । यो दान पनि दीनदुःखी र गरिबलाई नै दिइन्छ ।

यसवर्ष (गत चैत २० गतेदेखि) मुस्लिम समुदायको एक महिना लामो व्रत (रोजा) सुरु गरिएको थियो । एक महिनासम्म दिनभर व्रत बसेर साँझ सूर्यास्तपछि नमाज पाठ गरिन्छ । बिहान सूर्योदय अघि र बेलुकी सूर्यास्तपछि मात्र मुस्लिम समुदायले नवौं रमजान महीनामा भोजन गर्ने परम्परा छ ।

यसैबीच ईदुउल फित्र (ईद)को अवसरमा रौतहटको राजपुर मदर्सा महमुदियामा हजारौं मानिस भेला भएर ईद खुसीयाली मनाएका छन् ।

रौतहटका मुस्लिम समुदायले ईदगाह तथा मस्जिदहरुमा धुमधामका साथ नमाज पढ्नुका साथै एक आपसमा शुभकामना गर्दै ईद पर्व मनाएका छन् ।

ईदका दिन ब्रतालुहरु बिहानै आफ्नै घरमा सामूहिक रुपमा नमाज पढेर आफू वा आफ्नो परिवारबाट भएको सबै गल्तीको क्षमा याचना गर्दै अल्लाहको प्रार्थना (दुवा) गरेका छन् ।

ईद मनाउने क्रममा एक आपसमा अंकमाल गरी वर्षौको रिस राग विर्सिएर शुभकामना आदानप्रदान गर्ने गर्दछन् तर यो वर्ष खुसीयाली गर्दा एक आपसमा दुवा स्लामसहित शुभकामना आदानप्रदान गरेका छन् ।

स्थानीय मौलाना मोहम्मद कारी शाहाबुदिनले देश विदेश सबैमा मानवता आओस् । नेपालीलगयात सबैले निजात (छुटकारा) पाउन् भन्दै अल्लाहसँग दुवा मागेर ईद पर्व मनाइएको बताए ।

# बजेट तर्जुमाका लागि सुझाव संकलन




**सुर्खेत/मस-** कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० को बजेट तर्जुमाका लागि नागरिक तहसम्मको सुझाव लिन थालेको छ । यसका लागि प्रदेश सरकारले सुझाव माग गरेको छ । कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयले आफ्नो वेबसाइटमा बजेट तर्जुमा कार्य प्रारम्भ भएको सूचना गर्दै त्यसलाई सहभागितामूलक बनाउन राय सुझावका लागि सरोकारवाला तथा विज्ञहरुलाई अनुरोध गरेको हो । बजेट तथा कार्यक्रम समावेश गर्न उपयुक्त हुने आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, पूर्वाधार, शासकीय प्रबन्ध र विषयसँग सम्बन्धित राय/सुझाव माग्न सूचना गरिएको आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्टले जानकारी दिए । 'हाम्रो विगत चार वर्षको बजेट निर्माण र कार्यान्वयन समग्र पक्षको समीक्षा गर्दै यसका राम्रा पक्षबाट शिक्षा लिने र सच्याउनुपर्ने पक्षलाई सच्याउँदै कर्णालीको आवश्यकतामा टेकेर कार्यान्वयनयोग्य बजेट निर्माण गर्न खोजेका छौँ', उनले भने, 'कर्णालीका सबै जनता र बुद्धिजीवीहरुले विगतको बजेटबारे नजिकैबाट अध्ययन गरेका छन् ।' उनीहरुको अध्ययनबाट निस्केका कुरामा राय/सुझाव दिन अनुरोध गरेको उनले बताए । मूलतः पूर्वाधारलाई प्राथमिकतामा राखेर बजेट निर्माण गरिनेछ । कार्यान्वयनको सुनिश्चिततासहितको बजेट निर्माण गर्ने योजनामा बनाएका छौँ । गरिबी हटाउने, रोजगारी सिर्जना गर्ने, सामाजिक तथा आर्थिक विकासमा सहयोग पुग्ने विशिष्टता बोकेको क्रियाकलापमा आधारित बजेट तथा कार्यक्रम ल्याउने उनको भनाइ थियो । मन्त्री विष्टका अनुसार यसका लागि सबै मन्त्रालय, निकाय तथा कार्यालयलाई मार्ग निर्देशनलाई पनि आधार मानिनेछ ।

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री जीवनबहादुर शाहीले प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाको आधारपत्रमा रहेर बजेट तर्जुमा गरिने जनाए ।

'मुख्यगरी कर्णालीको ठूलो समस्या भनेकै पूर्वाधार विकास निर्माण हो,' उनले भने, 'यसलाई प्राथमिकतामा राखेर विगतदेखि सञ्चालनमा आएका क्रमागत एवं बहुवर्षीय योजनालाई समेत निरन्तरता दिने गरी हामी आगामी आव २०७९/८० को बजेट निर्माण गर्छौं ।'

प्रदेश सरकारले कर्णाली शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटनसँग सम्बन्धित योजनालाई पनि त्यत्तिकै महत्व दिएर अघि बढाउने भन्दै मुख्यमन्त्री शाहीले भने, 'खर्च प्रगतिको अवस्थालाई हेरेर आर्थिक वर्ष २०७९/८० को बजेट अलि खुम्चिएर आउने देखिएको छ र संघीय सरकारले दिने अनुदानमा कमी आउने भएकोले कर्णाली सरकराको अबको बजेट २९ अर्बसम्म हुने अनुमान गर्न सकिन्छ ।'

कुनै पनि योजना तथा कार्यक्रम नदोहोरिन दिन, जनताको आवश्यकता पूर्ति हुने र सरकारको वार्षिक कार्यतालिका अनुसार तोकिएको समयमै बजेट कार्यान्वयन हुने खालको बजेट ल्याउन सबै तहको सुझाव लिने सरकारले बताएको छ ।

बजेट तर्जुमाका लागि यही जेठ १५ गतेसम्म सुझाव पठाइसक्नु पर्ने सूचना गर्दै कर्णाली प्रदेश सरकारले नागरिक तथा सरोकारवालासहित विज्ञहरुलाई दगमनभतपबचलबष्ष्दिण्ठढ२ क्बिअफ मा बजेट तर्जुमासँग सम्बन्धित राय/सुझाव इमेल गर्न आग्रह गरेको छ ।

# प्रदेश प्रहरीको रणनीतिक योजनाको मस्यौदा मुख्यमन्त्रीलाई हस्तान्तरण



**गण्डकी/मस-**गण्डकी प्रदेश प्रहरीको त्रिवर्षीय रणनीतिक योजनाको मस्यौदा मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई हस्तान्तरण गरिएको छ ।

रणनीतिक मस्यौदा तयारीका लागि गठित निर्देशक समितिका संयोजक मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोलाले प्रतिवेदन मुख्यमन्त्रीलाई मंगलबार हस्तान्तरण गरेका हुन् । कार्यक्रममा मुख्यमन्त्री पोखरेलले संविधानले प्रदेशको अधिकार सूचीमा प्रदेश प्रहरी राखे पनि पाँच वर्ष पुग्न लाग्दासमेत व्यवहारिकरुपमा कार्यान्वनमा आउन नसकेको गुनासो गरे । संघीय सरकारले प्रदेश सरकारलाई पत्यार नगरेजस्तो वातावरण सिर्जना भएको भन्दै उनले आफूले बनाएको प्रहरी ऐन केन्द्रकै कारण कार्यान्वयनमा आउन नसकेको उल्लेख गरे ।

मस्यौदा हस्तान्तरण गर्दै मुख्य न्यायाधिवक्ता बास्तोलाले प्रदेश सरकारको 'समृद्ध प्रदेश, सुखी नागरिकको चाहना' परिपूर्तिका लागि अपराध नियन्त्रण, शान्ति सुरक्षाको प्रत्याभूति भई संविधानले सुनिश्चित गरेको मानवीय सुरक्षा र समृद्ध प्रदेशको लक्ष्य पूरा हुने अपेक्षा गरिएको बताए ।

परम्परागत सोच र परिचालन पद्धतिमा परिवर्तन गरी नागरिकमैत्री, पेसाप्रति अभिप्रेरित, इमान्दार प्रहरीको विकास र व्यवस्थापन गर्नका लागि पहिचान गरिएका उल्लेखित विषयवस्तु सम्बन्धमा सुधारको लक्ष्यसहित रणनीतिक योजना तयार पारिएको उनले जानकारी दिए ।

मस्यौदामा सात रणनीतिक लक्ष्य निर्धारण गरिएको छ । ती लक्ष्य प्राप्तिका लागि कार्ययोजनासमेत तयार गरिएको छ । आधुनिक प्रविधि, स्रोत साधनको प्रयोग गरी सडक सुरक्षा र सवारी आवागमनलाई प्रभावकारी बनाउने लक्ष्य मस्यौदामा समावेश छ । कार्यक्रममा आन्तरिक मामिला मन्त्री डोवाटे विश्वकर्मा, प्रमुख सचिव रविलाल पन्थ, आन्तरिक मामिला सचिव बद्रीनाथ अधिकारी, प्रदेश प्रहरी प्रमुख डिआइजी दिवेश लोहनी, आन्तरिक मामिला मन्त्रालयका उपसचिव यामप्रसाद सुवेदीलगायत सहभागीथिए ।

रणनीतिक योजना तयारीका लागि निर्देशक समितिमा संयोजक मुख्य न्यायाधिवक्ता बास्तोला, सदस्यमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव रामप्रसाद आचार्य, कानुन, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्रालयका सचिव शम्भुराज रेग्मी, आन्तरिक मामिला मन्त्रालयका सचिव बद्रीनाथ अधिकारी र डिआइजी लोहनी रहेका थिए ।

आन्तरिक मामिला मन्त्रालयका उपसचिव यामप्रसाद सुवेदीको संयोजकत्वमा सात सदस्यीय कार्यसमितिसमेत बनाइएको थियो ।

## स्थानीय...

'एकातिर एमाले र अर्कोतिर बाँकी दलहरु भएको अवस्थामा हाम्रो प्रचारशैली अरुको भन्दा बढ्ता प्रभावकारी हुनु जरुरी छ किनभने गठबन्धनले छरेको भ्रम त कम्तिमा चिर्नुपर्छ ।'

एमालेले गठबन्धन भन्दा अगाडि बढेर चुनावी सभा गर्दै आएको छ । उम्मेद्वारी दर्ता हुनु केही समय अगाडिबाटै अध्यक्ष केपी शर्मा ओलीको दौडधुप बढेको छ । दिनमा एक भन्दा बढी सभालाई सम्बोधन गर्नु ओलीलाई सामान्य बनेको छ ।

## चुनावी...

आयोगमा बुझाउनु पर्ने लगायतका प्रावधान आचारसंहितामा छ । तर, यस अनुसारका कार्य नभएपछि आयोगले विज्ञप्ती नै प्रकाशन गरेको हो ।

## दोहोरिरहने ....

१० दिनदेखि फोहोर बाटामा थुप्रिएका छन्, घरमा पनि समस्या भएको छ, खोई जो नेता आएपनि हामी जनतालाई केही सुविधा छैन, पुरीले भनिन् । उनले सरकारले फोहोरको समेत उचित व्यवस्थापन नगरेको भन्दै आक्रोश व्यक्त गरेकी छिन् ।

तर, काठमाडौं महानगरपालिकाको वातावरण विभाग प्रमुख सरिता राई भने फोहर विसर्जनका लागि दीर्घकालीन समाधानका प्रयास हुन नसक्दा पटकपटक समस्या उत्पन्न भएको बताउँछिन् । 'यस्तो विषयमा केन्द्र सरकार संवेदनशील हुनुपर्छ । त्यसका लागि बाटो छिटो मर्मत गर्न सम्बन्धित निकायले पहल गर्नुपर्छ,' राईले भनिन् । २०७० देखि सुरु गरिएको सडक हालसम्म पनि सम्पन्न हुन नसकेपछि स्थानीयको पटकपटकको अवरोधका कारण फोहर विसर्जनमा अवरोध हुँदै आएका उनको भनाई छ ।

उपत्यकाबाट हरेक दिन एक हजार २०० मेट्रिकटन फोहर सिसडोलमा व्यवस्थापन हुँदै आएको छ । यसमध्ये सबैभन्दा बढी कामपाको ५०० मेट्रिकटन फोहर निस्किने गर्दछ । निजी र कामपाको गरी दैनिक कम्तीमा २०० गाडी फोहर विसर्जनका लागि लाने गरिन्छ ।

उपत्यकाबाट दैनिक उत्सर्जन हुने फोहोर मध्ये करिब ७५ प्रतिशत फोहर सिसडोलमा व्यवस्थापन गरिँदै आएकोछ । स्थानीयकै अवरोधका कारण गत फागुन र चैत महिनामा पनि ३२ दिन फोहरको अन्तिम व्यवस्थापन हुन सकेको थिएन ।

फोहोरकै करण आउने दिन उपत्यकामा ठूलो समस्या आउने र समस्या समाधानको लागि केन्द्र सरकारले तत्काल समाधानको पाटो खोज्नुपर्ने विभागको भनाई छ । साथै, नियमित पानी पर्न सुरु गरिसकेको र वर्षाको समयमा अन्य समयको भन्दा बढी फोहर निस्कने हुँदा आगामी दिन फोहर व्यवस्थापनका हिसाबले थप कठिनाइ हुने देखिन्छ ।

तसर्थ, हरेक पटक चुनावमा उपत्यकालाई स्वच्छ, सभा र हराभरा बनाउने प्रतिबद्धता गरेका जनप्रतिनिधिले दीर्घकालीन उपाय नसोच्ने हो भने आगामी दिनमा जनताबाट दण्डित हुने निश्चित छ ।

## सुधारको....

वैदेशिक रोजगार व्यवसायी संघको प्रतिनिधिका रूपमा विभागमा काम गरिरहेका संघका निवर्तमान कार्यसमिति सदस्य कर्ण कटुवाल भन्छन्, ' अनलाइन प्रविधिका माध्यमबाट ताहाचलमा सुधार हुँदा पहिलेको तुलनामा सहज भएको छ । तर विभागले सानोतिनो उजुरी र समस्या देखापर्ना साथ नै व्यवसायीको कारोवार रोक्का गर्दा पूर्णरूपमा खुसी हुने अवस्था छैन ।'

व्यवसायी कटुवालका अनुसार हाल विभागले दुई दर्जन बढी म्यानपावर कम्पनीको कारोवार रोक्का गरिदिएको छ । कारोवार रोक्का हुँदा ती कम्पनीले विदेशबाट ल्याएका डिमाण्डमा कामदार पठाउन पाएका छैनन् ।

म्यानपावर कम्पनी कारोवार तुरुन्तै रोक्ने तर समस्याको समाधान गरिसकेपछि कारोवार खोल्न लामो समयसम्म आनाकानी गर्ने गरिएको कटुवालको भनाइ छ । आफू संघको प्रतिनिधि भएर आएपछि करिब चार दर्जन व्यवसायी विरूद्ध परेकामा उजुरीका समस्या समाधानको पहल गरेको भन्दै कटुवालले भने, 'त्यसमध्ये केही म्यानपावर कम्पनीको मात्रै कारोवार रोके हुनेमा धेरै म्यानपावर कम्पनीको कारोवार रोकियो । यसले व्यवसायीमा निराशा बढाएको छ ।'

हतार हतार कारोवार रोक्ने कुरालाई उपलब्धी मान्न नहुने विषयमा आफुले विभागका महानिर्देशक पौडेलको पटकपटक ध्यानाकर्षण गराइसकेको भन्दै कटुवालले भने, 'कामदारको पक्षमा विभाग उभिनुपर्छ । तर बेरोजगार युवायुवतीलाई रोजगारीको व्यवस्था गर्न करोडौं लगानी गरेका निजी क्षेत्रका व्यवसायीको मर्मलाई पनि विभागले भुल्न हुँदैन । '

**भूल-सुधार**

२० वैशाख २०७९ मा प्रकाशित 'निर्भय निर्वाचन' शीर्षकका समाचारमा भूलवश पूर्व पूमुख आयुक्त सूर्य प्रसाद श्रेष्ठ र राजनीतिक विश्लेषक लोकराज बरालको फोटो अन्यथा पर्न गएकोमा क्षमायाचना गर्दछौं ।

\- सम्पादक


# मलेसियामा रोजगार

१. कम्पनी : ELTON MFG (M) SDN BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१२/०२ चलानी नं.: ६०१५३४७१ LT. No.: 234913 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 7 | 0 | स. काममा दक्ष | 1200 | ३३,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : GAN GINN JAAN
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/११/०७ चलानी नं.: ६०१५२०२७ LT. No.: 232961 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fruit And Vegetable Farm Workers | 5 | 0 | स. काममा दक्ष | 1200 | ३३,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितुरमा २०७९ बैशाख २८ गते (11 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

## माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.

हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५२३३६२, फ्याक्सः ५५४६६५१
E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com

श्रम इजाजत नं ८१०/०६५/०६६

### मनाइयो विश्व प्रेस स्वतन्त्रता दिवस

# प्रेस स्वतन्त्राविरुद्धका कानून संशोधन गर्ने तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० वैशाख

'स्वतन्त्र एवं बहुलवादी प्रेसका लागि विन्डहक घोषणापत्र' जारी भएको दिनको सम्झनामा मंगलबार प्रेस स्वतन्त्रता दिवस मनाइएको छ । हरेक वर्ष मे ३ तारिखमा मनाइने यो दिवसका अवसरमा नेपालमा पनि विभिन्न कार्यक्रम आयोजना गरिएको छ ।

युनेस्कोको आयोजनामा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहक शहरमा भएको पत्रकारहरुको सम्मेलनले 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विण्डहक घोषणापत्र' जारी गरेको थियो । त्यसैको सम्झनामा सन् १९९३ देखि संयुक्त राष्ट्रसंघले यो दिवस मनाउने निर्णय गरेको थियो । प्रेस स्वतन्त्रता दिवसको अवसरमा विभिन्न प्रकारका दमनको सामना गरेका सञ्चारकर्मीहरूप्रति सम्मान व्यक्त गर्दै राज्यलाई प्रेस स्वतन्त्रताको वातावरण सुनिश्चित गर्न दवावमूलक कार्यक्रम गर्छन् ।

यसैबीच प्रेस स्वतन्त्रता दिवसका अवसरमा नेपाल पत्रकार महासंघले 'प्रविधि नियन्त्रित पत्रकारिता' भन्ने मूल नाराका साथ विभिन्न कार्यक्रम गरी मनाएको छ । दिवसका अवसरमा महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा खटिँदा दिवंगत भएका पत्रकारप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ ।

त्यस्तै, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी प्रतिवेदन सार्वजनिक, फोटो प्रदर्शनी गर्नुका साथै सामाजिक सुरक्षा कोषका बारेमा अन्तरक्रिया आयोजना गरिएको छ ।

कार्यक्रमका राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले प्रेस स्वतन्त्रता मानवअधिकारको रक्षक रहेको भन्दै पत्रकारको नीतिगत र पेसागत सुरक्षालाई सबैले ध्यान दिनुपर्नेमा जोड दिए । पत्रकारको सुरक्षाका लागि मानवअधिकार




आयोगले बेलाबेलामा सरकारलाई ध्यानाकर्षण गराउँदै आएको भन्दै पत्रकार सुरक्षा कार्यविधि निर्माण गर्न सरोकारवालासँग छलफल गरिरहेको पनि उनले बताए ।

महासंघका अध्यक्ष विपुल पोखरेलले जुनसुकै राजनीतिक दल सरकारमा पुगे पनि प्रेस स्वतन्त्रताको सवालमा निर्धक्क हुने अवस्था नरहेको बताए । प्रविधिलाई नियमन गर्ने बहानामा सरकारले प्रेस स्वतन्त्रता खोस्ने कानून निर्माण गरिरहेको उनको भनाइ छ ।

सूचना तथा प्रसारण विभागका महानिर्देशक गोगनबहादुर हमालले प्रेसले राज्यका सबै अंगलाई प्रभाव पार्ने भन्दै सरकार र नागरिकलाई सकारात्मक दिशातर्फ प्रेरित गर्न भूमिका खेल्नुपर्नेमा जोड दिए ।

**एक वर्षमा ७५ घटना**

विगत एक वर्षमा प्रेस स्वतन्त्रता हननका ७५ वटा घटना भएका छन् । नेपाल पत्रकार महासंघ सञ्चार अनुगमन इकाइको तथ्यांकअनुसार यसवर्ष पत्रकारको पेशागत सुरक्षाको अभाव जनाउँदै ३०० भन्दा बढी उजुरी परेका छन् ।

प्रेस स्वतन्त्रता हननका सबैभन्दा बढी घटना बागमती प्रदेशमा ५४ वटा घटना भएको नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले जानकारी दिए । १ नं प्रदेश र मधेस प्रदेशमा बराबरी अर्थात ६-६ वटा हननका घटना भएका छन् । त्यस्तै कर्णाली प्रदेशमा ५ र लुम्बिनी तथा गण्डकीमा २-२ वटा घटना भएका छन् । सुदूरपश्चिम प्रदेशमा भने यो पटक हननका घटना भएको पाइएको छैन ।

प्रेस स्वतन्त्रता हननका यी ७५ वटा घटना हुँदा २७२ सञ्चारकर्मी, ९ सञ्चारगृह र ३३ महिला पीडित भएको पोखरेलले बताए । 'अघिल्लो वर्ष महासंघको अभिलेखमा प्रेस स्वतन्त्रतामाथिको प्रहारका ४५ घटना थिए भने ती घटनाबाट जम्मा ५८४ पत्रकार र तीन सञ्चार संस्था पीडित बनेका थिए, ५८४ पत्रकारमध्ये ७७ पत्रकार महिला थिए', उनले भने । महासंघको अभिलेखअनुसार यो वर्ष तीन पत्रकार गिरफ्तारीमा परेका छन् भने आक्रमण, दुर्व्यवहार र धम्कीबाट २९ जना पत्रकार पीडित भएका छन् । त्यस्तै पेशागत असुरक्षाको पीडा ३१ पत्रकारले खेप्दैछन् । कानून बनाएर प्रेस स्वतन्त्रतालाई संकुचन गर्न खोज्ने काम तीन पटक भएको छ ।

**कानून संशोधन गर्ने तयारी**

कानून न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्माले संविधान विपरित प्रेस स्वतन्त्राविरुद्धका कानुन संशोधन गर्ने तयारीमा सरकार रहेको बताएका छन् ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा मिडिया एक्सन नेपाल र अनलाइन टिभि पत्रकार संघले आयोजना गरेको कार्यक्रममा उनले सरकारले कुनै पनि खालको प्रेस स्वतन्त्रता विरोधी खाले कानुन ल्याउने पक्षमा नरहेको र यदी त्यस्तो प्रेस स्वतन्त्रता विपरीत कानुन भइरहेको भए पनि संशोधनको पक्षमा रहेको बताए । उनले भने, 'नेपाल प्रेस स्वतन्त्रताप्रति प्रतिबद्धता रहेकोले कानूनमा प्रेस स्वतन्त्रताविरुद्ध कुरा राखिदैन ।'

मन्त्री शर्माले पत्रकारमाथिको निगरानी र घेराबन्दी प्रेस स्वतन्त्रता विपरित रहेको बताए । सरकारले प्रेसलाई नियन्त्रण र निगरानी नभइ जवाफदेही बनाउनुपर्ने उनले बताए । 'प्रेसले फौजदारी र देवानी कानून उल्लंघन गर्छ भने नियन्त्रण नभइ जवाफदेही बनाउनुपर्दछ,' उनले भने ।

संसद् लामो समयदेखि सञ्चालन हुन नसक्दा नागरिकसँग प्रत्यक्ष जोडिएका कानून संशोधन गर्न कठिनाई भएको उनको भनाइ छ । 'लामो समयदेखि संसद् सुचारु नहुँदा जनताका आवाज लामो समयदेखि अवरुद्ध छन्,' उनले भने ।

उनले नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय कानुन र नेपालको संविधानभन्दा बाहिर गएर संक्रमणकालीन न्याय प्रक्रिया अगाडि बढ्न नसक्ने भन्दै सरकारले त्यही दायराभित्र रहेर नेपालमा विगतमा भएका मानवअधिकारका उल्लंघनका घटनालाई सम्बोधन गर्न सुरु गरिसकेको बताए । कार्यक्रममा सूचना तथा प्रसारण विभागका महानिर्देशक गोगनबहादुर हमालले प्रेस स्वतन्त्रता विपरीत कतिपय कानुन भए पुनःविचार गर्न सरकार तयार रहेको बताए ।

प्रेस काउन्सिलका प्रमुख प्रशासकीय अधिकृत झविन्द्र भुसालले प्रेस स्वतन्त्रता विरोधी क्रियाकलापको अनुगमन गरिरहेको बताए । वरिष्ठ पत्रकार डा.कुन्दन अर्यालले प्रेससँग सम्बन्धित कानुन बनाउँदा विज्ञको सल्लाहमा बनाउनुपर्ने बताए ।

# कर्मचारीलाई यातना नदिएको निगमको स्पष्टोक्ति

काठमाडौं/मस- नेपाल वायुसेवा निगमले निगमका कर्मचारी देवराज ओझालाई यातना नदिइएको स्पष्ट गरेको छ ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले 'एक कर्मचारीलाई यातना दिएर बेहोस' शीर्षकमा विभिन्न सञ्चारमाध्यममा आएको समाचारको खण्डन गर्दै निगमले अध्यक्षको कार्यकक्षमा बेहोस भएर ढलेका ओझालाई उपचारका लागि मोडल अस्पताल पुऱ्याइएको जनाएको छ ।

अध्यक्ष अधिकारीले ओझा सोमबार दिउँसो एक्कासी आफ्नो कार्यकक्षमा ढलेपछि तत्काल उपचारका लागि अस्पताल लगिएको विषयलाई अतिरञ्जित बनाइएको बताए । कर्मचारी ओझालाई संस्थाका विषयमा केही दिनअघि सामान्य सोधपुछ मात्र गरिएको जानकारी उनले बताए ।




# गोलबजारमा जसपा र एकीकृत समाजवादीबीच चुनावी तालमेल




**राजेन्द्र महतो/मध्यान्ह**
**सिरहा, २० वैशाख**

सिरहाको गोलबजार नगरपालिकामा जनता समाजवादी पार्टी (जसपा) र नेकपा एकीकृत समाजवादीबीच चुनावी तालमेल भएको छ । यहि वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि दुई दलले चुनावी तालमेल गर्ने निर्णय गरेका हुन् । नगरपालिकामा एकीकृत समाजवादीको तर्फबाट कुनैपनि उम्मेद्वार नरहेकोले जसपाका उम्मेद्वारलाई सहयोग गर्ने सहमति भएको हो । एकीकृत समाजवादीका नगर अध्यक्ष हिरालाल सिंह र जसपाका नगर अध्यक्ष हरी नारायण यादवद्वारा हस्ताक्षरित संयुक्त विज्ञप्तिमा एकीकृत समाजवादीले जसपालाई सघाउने निर्णय गरिएको जानकारी दिइएको छ ।

Province Government
Ministry of Health
Province-1
## Inaruwa Hospital, Sunsari
Sunsari

## Tender Notice

**Contract Identification :- PHLMC-1/G/NCB-3/2078/2079**
**First Date Of Publication :- 2022-05-04 (2079-1-21)**

1. The **Inaruwa Hospital, Sunsari** invites electronic bids from eligible bidders for the procurement of **Procurement of COVID Equipment** under **NCB** procedures specified in public procurement act and regulation.
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the **Province Health Logistics Management Center Biratnagar Tel: 025-565134, Email: districthospitalsunsari756@gmail.com, Website:Inaruwahospital.gov.np** or You can also visit **www.bolpatra.gov.np/egp**
3. Interested bidders shall register in the **e-GP system** and deposit the cost of bidding document in the following bank.

| | |
|---|---|
| **Name of Bank :-** | Rastriya Banijya Bank, Inaruwa |
| **Name of the Office :-** | Inaruwa Hospital, Sunsari |
| **Office Code No :-** | 3500414021 |
| **Office Account No :-** | 1000100201010001 |
| **Revenue Head No :-** | 14229 |

4. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of **Inaruwa Hospital, Sunsari, Sunsari,** on or before **12:00 (Noon)** on **2022-05-19(2079-02-05)** Bids shall be opened in the presence of Bidders representatives who choose to attend on **2.00 PM** on **2022-05-19(2079-02-05 )** at office of **Inaruwa Hospital, Sunsari, Sunsari.**
5. Matters not covered by this notice shall be in accordance with **Public Procurement Act-2063. Public Procurement Regulations-2064** and their amendments.
6. In the case of discrepancies or error in bid documents, bid notice or any other document, purchaser reserve the right to amend and correct at any time.

**Details**

| S. N. | Contract Identification No | Description of Items | Cost of Bidding document (NRs) | Account No. | Amount of Bid security (NRs) | Bid Validity | Bid Security Date |
|---|---|---|---|---|---|---|---|
| 1. | PHLMC-1/G/NCB-3/2078/2079 | Procurement of COVID Equipment | 3,000.00 | 2220100202030000 | 3,90,000.00 | 90 Days | 2022-09-16 |

**Dr. Dev Raj Ghimire**
**Inaruwa Hospital, Sunsari**

# लागूऔषधसहित दुई भारतीय पक्राउ

**सहवान अन्सारी/मध्यान्ह**
नवलपरासी, २० वैशाख

जिल्ला प्रहरी कार्यालय नवलपरासीले लागूऔषधसहित दुई जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा महाराजगंज ग्राम रेजियाका २० वर्षका भोलु चौहान र गोरखपुर ग्राम गोरखपुरका १९ वर्षका राकेश सहनी रहेका छन् । प्रहरीले उनीहरुको साथबाट डाईजापाम-१७५ एम्पुल, फेनारगन-१७५ एम्पुल र नुफिन-१७५ एम्पुल बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय बेलाटारी र प्रहरी चौकी गुठीप्रसौनीबाट खटिएको संयुक्त प्रहरी टोलीले उनीहरुलाई प्रतापुर गाँउपालिका-५ बैदलीस्थित भित्री सडक खण्डबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक प्रेम बहादुर शाहीले जानकारी दिए । सूचना अधिकारी शाहीका अनुसार उनीहरु सवार मोटरसाईकल चेकजाँच गर्ने क्रममा मोटरसाईकलको डिक्की भित्र लुकाएर राखिएको अवैध लागूऔषध बरामद भएको थियो ।

**सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७९/०१/२१**
यस सा.व.स. बाट संकलित साल गोलिया काठ ५४९.५१ क्युफिट विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।
**प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूह, शुक्लागण्डकी- १२, तनहुँ**

Fairmont BAB AL BAHR ABU DHABI
**FREE VISA- FREE TICKET- ZERO RECRUITEMENT सहित UAE को FIVE STAR HOTEL मा रोजगारको अवसर**

कम्पनी : FAIRMONT BAB AL BAHR HOTEL — शहर: UAE
पूर्व स्वीकृत मिति:२०७९/०१/१९ — चलानी नं.: ६०१७८८६२ — LT. No.:262563

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barman/bartender | 5 | 15 | सम्बन्धित काममा दक्ष | 1700 | ५६,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chamberman/chambermaid(Room Attendent) | 20 | 40 | | 1200 | ३९,९०० | | | | | | | |
| 3. | Chef De Partie/foreign Food Cook | 10 | 20 | | 3300 | १,०९,७२५ | | | | | | | |
| 4. | Commis Chef/foreign Food Cook | 15 | 30 | | 1500 | ४९,८७५ | | | | | | | |
| 5. | Demi Chef De Partie/foreign Food Cook | 10 | 20 | | 2300 | ७६,४७५ | | | | | | | |
| 6. | Steward/stewardess (Restaurant) | 10 | 20 | | 1200 | ३९,९०० | | | | | | | |
| 7. | Waiter/waitress | 15 | 30 | | 1200 | ३९,९०० | | | | | | | |

यसै कम्पनीको लागि Hostess, Hotel Nurse, HR Coordinator, Cost Controller, Life Guard, Income Auditor, Electrical Engineer, Lobby Ambassdor, Team Leader, Reservation Agent, Graphic Designer को पनि माग भएकाले परामर्शको लागि सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ बैशाख २८ गते (11 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**HABTOOR INTERNATIONAL PVT. LTD.**
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Govt. Lic. No. 1147/073/74
Tel: 01-4973377, 4983377 | Mob.: 9801159352, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

**STAFF WANTED**
1. Learning & Development Manager
2. HR officer
Experience in Hotel management are highly preferred.
Interested candidates are requested to submit their updated CV along with the letter of application to above **email** or can contact directly through above numbers.

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
## Federal Water Supply and Sewerage Management Project
Ilam

## Invitation of Electronic Bids

**Date of publication: May 04, 2022**

Federal Water Supply and Sewerage Management Project - Ilam, invites electronic bids from eligible bidders for the following works. The details notice can be assessed from *www.bolpatra.gov.np/egp.*

| S. N. | Contract No. | Description of Works | Average Annual Turnover (Excluding VAT) NRs. | Work Experience of Similar Size and Nature (one contract, excluding VAT), NRs. | Bid Document Fee (NRS.) | Last Date of Submission |
|---|---|---|---|---|---|---|
| 1 | 22/078/79/CWP/ FWSSMP /ILAM | Construction of Entire works of Maidane Jambhudande Phungling Municipality Large Water Supply Project, Phungling Municipality-1 to 9, Taplejung. | 162,200,000.00 | 216,300,000.00 | 15,000.00 | 03 June, 2022, 12:00 hours |
| 2 | 23/078/79/CWP/ FWSSMP /ILAM | Construction of Entire Works of Sidin Yangnam Water Supply Project, Phidim Municipality-10, Panchthar. | 75,800,000.00 | 101,070,000.00 | 10,000.00 | 03 June, 2022, 12:00 hours |

**Project Chief**

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.




तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL — Best in the KTM
VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

## सम्पादकीय

# शक्तिलाई छुट !

स्थानीय तहको चुनाव आउन अब ९ दिन मात्रै बाँकी छ। आगामी ३० वैशाखमा एकसाथ ७५३ स्थानीय तहमा चुनाव हुँदैछ। त्यो चुनावको प्रचारमा उम्मेद्वार हरूको दौडधुप बढेको छ। १७ वैशाखमा उम्मेद्वार हरूहरूलाई निर्वाचन आयोगले चुनाव चिन्ह दिएपछि प्रचार शुरू भएको हो। प्रचारको समय पनि सकिदै गरेकाले राजनीतिक दलका प्रमुख सहित नेताहरूको दौडधुप पनि बढेको छ। प्रधानमन्त्री शेरबहादुर देउवा आफै चुनावी सभामा हिड्ने तालिका तय भएको छ। सत्ता गठबन्धनका उम्मेद्वार जिताउन प्रधानमन्त्री देउवा २६ वैशाखसम्म चुनावी सभामा हुनेछन्। नेपाली कांग्रेसले तय गरेको कार्यक्रम अन्तर्गतव २१ वैशाखमा विराटनगर, २२ वैशाखमा चितवन, २३ वैशाखमा काठमाडौं, २४ वैशाखमा बुटवल, तनहुँ र धनुषा पुग्नेछन्। २५ वैशाखमा पोखरा र तुलसीपुर, २६ वैशाखमा कैलाली र २७ वैशाखमा डडेलधुरामा आयोजित चुनावी सभा सम्बोधन गर्ने कार्यक्रम तय भएको छ।

प्रधानमन्त्री देउवा मात्रै नभएर सरकारका मन्त्रीहरू पनि चुनावी कार्यक्रममा सक्रिय छन्। गठबन्धनको साझा कार्यक्रम र पार्टीगत सभामा प्रधानमन्त्री र मन्त्रीहरू चुनावी सभामा हिड्नेछन्। निर्वाचन आयोगले भने यसलाई प्रचार अवधिको रूपमा लिएको छ। जबकी औसत जिम्मेवारीमा रहेकाहरूलाई भने आयोगले आचारसंहिता कडाइ गरेको छ। उम्मेद्वार हरूले दिएको अभिव्यक्ति, आमसञ्चार माध्यम र सामाजिक सञ्जाल समेत आयोगको आँखा पगेको देखिन्छ। काठमाडौं महानगरको मेयरका उम्मेद्वार केशव स्थापितलाई आयोगले २४ घण्टे पत्र नै काटेको थियो। प्रचारका स्वरूपबारे समेत आयोगले कडाइ गरेको छ।

तर आचारसंहिताभित्र पर्ने र सत्ताको दुरूपयोग हुनसक्ने क्षेत्रमा भने आयोगले मौनता देखाएको छ। कतिसम्म भने पार्टी निर्णय पालना गराउन भन्दै गृहमन्त्री बालकृष्ण खाँण भरतपुर पुगेका थिए। स्वतन्त्र उम्मेद्वारी दिएकालाई फिर्ताका निम्ति दबाव दिन गृहमन्त्री खाँण भरतपुर पुगेमा सार्वजनिक विरोध भएको थियो। तर यो सार्वजनिक आपत्ति आयोगले सुनेन। यसले आयोग शक्तिका सामू निरीह बन्ने, तर तुलनात्मक कमजोरलाई दबाउने भूमिमा रहेको आरोप लाग्न सक्छ। अझ निर्वाचनको स्वच्छतामाथि नै प्रश्न उठ्ने बातावरण बन्न सक्छ। अतः आचारसंहिता पालनाका सन्दर्भमा समान नीति आयोगले अख्तियार गर्न जरूरी छ। भयरहित र शान्तिपूर्वक मतदानको बातावरण बन्नु लोकतन्त्र र संविधानको परिकल्पना समेत हो।

# घोषणापत्रमा सीमित समृद्धि र विकास


*जनप्रतिनिधिहरूले व्यक्तिगत र दलगत फाइदालाई मुख्य बनाउँदा निमुखाहरूको समस्या जहिले किनारामा पर्छ। चुनावमा होमिएका हरेक उम्मेदवारहरूलाई सार्वजनिक बहसको कार्यक्रम राखेर विकासका प्रतिवद्धताहरू ओकल्न लगाउने, रेकर्ड गरेर राख्ने र चुनावमा जितेर गरिएका प्रतिबद्धताहरू पूरा नगरे अर्को चुनावमा मत नदिने अभियानको थालनी गर्नुपर्दछ।*

अग्रलेख



● गोविन्द विक

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनले मुलुकलाई चुनावमय बनाएको छ। ७ सय ५३ वटा स्थानीय तहमा ३५ हजार २ सय २१ जना जनप्रतिनिधिहरू चुनिने छन्। ३५ हजार २ सय २१ पदका लागि झन्नै सवा लाख उम्मेदवार चुनावी मैदानमा होमिएका छन्। चुनावका लागि राजनैतिक दलहरूले विकास र समृद्धिका योजनासहित चुनावी घोषणा पत्र तयार गरी जनताको घरघरमा पुगेर मत मागिरहेका छन्। बितेका ५ वर्षलाई फर्केर हेर्दा, स्थानीय स्तरको विकास र समृद्धि स्थानीय तहका निमुखा जनताहरूको दुःखलाई सम्बोधन हुने, हुँदा खाने जनताले प्रत्यक्ष अनुभव गर्ने किसिमका कामहरू खासै भएनन्। राजनैतिक दलहरूले विकासका लागि चुनावी घोषणापत्रमार्फत जनतालाई देखाएका सपना पूरा गर्न नसकेका थुप्रै नजिरहरू हामीबाट टाढा छैनन्। स्वास्थ्य, शिक्षा, आवास सामाजिक सुरक्षालगायतका प्रतिबद्धताहरू दलहरूले नगरेका होइनन् तर, दलहरूले गरेका प्रतिबद्धताहरू पूरा गर्ने जगसम्म पनि बसाउन नसकेका धेरै उदाहरणहरू पाउन कठिन छैन।



ब्यान्ड स्थापना र यसको औचित्यका बारेमा संस्थापक सदस्य रोशन अर्यालले प्रकाश पारेका थिए । गैर आवासीय नेपाली संघ कतारका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको प्रमुख आतिथ्यता तथा ब्यान्डका अध्यक्ष नाजिर रहमानको सभापतित्वमा सम्पन्न कार्यक्रमलाई बलहरी रानाले सहजिकरण गरेका थिए । कार्यक्रमको मिडिया पार्टनर मध्यान्ह दैनिक रहेको थियो ।

## मदनकृष्ण श्रेष्ठको 'एउटा सपना छ'





**काठमाडौं/मस–** वरिष्ठ हास्य कलाकार एवं गायक मदनकृष्ण श्रेष्ठको स्वरमा रहेको 'एउटा सपना छ' बोलको गीतको लेजेन्डरी भर्सन सार्वजनिक भएको छ । बुधबार श्रेष्ठको ७२ औं जन्मदिनका अवसरमा गीतको लेजेन्डरी भर्सन सार्वजनिक गरिएको हो । गीतमा कलाकार श्रेष्ठ र अभिनेत्री आँचल शर्माको अभिनय रहेको छ । गीतमा आँचल मदनकृष्णकी नातिनीको भूमिकामा देखिएकी छन् ।

बिमारीका कारण स्मरणशक्ति गुमाएका हजुरबुवालाई भेट्न गाउँ फर्किएकी नातिनी र हजुरबुवाको कथामा गीत समेटिएको छ । सराना श्रेष्ठको कथा र निर्देशनमा तयार भएको भिडियो हरि हुमागाईंले छायांकन र सम्पादन गरेका हुन् । गीतकार तथा संगीतकार पुष्पन प्रधानले आफ्नो चर्चित गीत ' एउटा सपना छ'को लेजेन्डरी भर्सन सार्वजनिक गरेका हुन् । भिडियो हेरेपछि वरिष्ठ कलाकार श्रेष्ठले आफूलाई हाँस्य कलाकारभन्दा धेरै गायक भनेको मन पराउने बताए ।

त्यस्तै गीत हेरिसकेपछि हास्य कलाकार केदार घिमिरे (माग्ने बुढा) ले मदनकृष्ण श्रेष्ठले हसाउने मात्रै भनेको सुने पनि गीत गाएर रुवाएको बताए । उनले श्रेष्ठको गीत भावुक बनाउने र मर्मस्पर्शी रहेको उल्लेख गरे ।

त्यस्तै अभिनेत्री आँचल शर्माले भिडियो र गीत उत्कृष्ट रहेको बताइन् । उनले भिडियोको सम्पादन र क्वालिटी पनि अत्यन्त उत्कृष्ट रहेको बताइन् । कार्यक्रममा उपस्थित कलाकारहरुले वरिष्ठ कलाकार तथा गायक श्रेष्ठलाई ७२ औं जन्मदिनको शुभकामना व्यक्त गरेका थिए ।

## राजु लामाले बनाए कीर्तिमान



**काठमाडौं/मस–** गायक राजु लामाले पृथ्वीको अग्लो स्थानमा गीत गाएर रेकर्ड तोडेका छन् । जलवायु परिवर्तनबारे जनचेतना जगाउन सगरमाथा आरोहण अभियानका क्रममा रहेका उनले क्याम्प २ र क्याम्प ३ को बीचमा बसेर कन्सर्ट गरेका हुन् । उनले सोमबार समुद्री सतहबाट ६ हजार ५७४ मिटरको उचाइमा पुगेर गीत गाए ।

'३६ सयभन्दा माथिको उचाइमा गीत गाउन त्यति सजिलो छैन । यसअघि, ६ हजार ४७० मिटरमा मान्छेले गाएका रहेछन् । मैले चाहिँ ६ हजार ५७४ मिटर अग्लो स्थानमा मेरो रिलिज नभएको गीत गाएँ,' गायक लामाले अनुभव सुनाउँदै भने, 'यो गीत त्यहाँ पुगेर गाउनुको मुख्य उद्देश्य अहिले संसारमा जलवायु परिवर्तनको असरप्रति ध्यानाकर्षण गराउनु हो ।'

उनले सामाजिक सञ्जालमा पोस्ट गर्दै 'हिमालले डाक्यो मलाई'लगायत 'मंगोलियन हार्ट'को अन्य हिट गीतहरू पनि गाएको बताएका छन् । उनले सगरमाथाको क्याम्पबाटै जलवायु परिवर्तनलाई रोकथाम गरी आफ्ना सन्तानको भविष्यप्रति सचेत रहन र यो सुन्दर संसारलाई बचाउन सबैले प्रयास गर्न अपिल गरेका छन् ।

### मोटरसाईकल हराएको सूचना

मिति २०७९/०१/१० गते राती ०७:३० देखि ०८ बजेको समयमा का.जि. कागेश्वरी मनहरा न.पा. ०७ फिकलचोक स्थितबाट बाग्मती प्रदेश ०२-०३३-प ४०३२ नम्बरको **Pulsar 200 NS CC** खैरो रङ्गको मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनी : हुँलास फिन सर्भ लिमिटेड (ऋणी सुजन सुनुवार)
च्यासिस नं : MD2A36FX4MCG93918
इन्जीन नं : JLCMG19303
सम्पर्क नं : ९८०४८७२३९५

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०१/२१**

**आर.डी. कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०७८/१२/२५ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **तपोवन कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि. (प्रा. लि. नं.: १७५९०१)**, कायम गर्ने गरी मिति **२०७८/१२/२८** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


### शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी

१. कम्पनीः AL ALAMIA EMPLOYMENT & RECRUITN CO FOR BRINGING & USING NON JORDANIANWORKERS शहरः AMMAN
पूर्व स्वीकृत मितिः २०७८/03/10 चलानी नं.:६०१५९१४७ LT. No.: 241418 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | House Maid (Female) | 0 | 47 | स. काममा दक्ष | 300 | ३६,६३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ बैशाख २८ गते (11 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708 | Tel No:01-4493645,4493646
Fax:+977-01-4493647 | Mobile No.: 9801061515
Email:info@manpoweragencynepal.com



### यूएईमा रोजगार

कम्पनी : AL WAHA HYGIENE PEST CONTROL AND FACILITIES SERVICES L.L.C. शहरः UAE
पुर्व स्वीकृत मितिः २०७९/०१/१९ चलानी नं.: ६०१७८८७६ L.T. No.: 262539

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 10 | स. काममा दक्ष | 1000 | ३३,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

फाइनल अन्तर्वार्ता काठमाडौमा २०७९ बैशाख २८ गते (11 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**OMAMA MANPOWER PVT. LTD.**
Gov. Lic. No. 1422/074/075
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu, Tel 4581383
Mob.: 9805945922, 9805945923, 9805956422
E-mail: omamamanpower1422@gmail.com. URL : www.omamamanpower.com



### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनीः VIVAR PRINTING SDN.BHD. शहरः SELANGOR
पूर्व स्वीकृत मितिः २०७६/०९/२७ चलानी नं.: ६०१४९९५६ LT. No.: 227470 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor Worker | 26 | 0 | स. काममा दक्ष | 1100 | ३०,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख २८ गते (11 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
Govt.Lic. No. 357/059/060
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४४६५७५३, फ्याक्सः ०१-४४६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np



### साउदीमा रोजगार

कम्पनी : L & T HYDROCARBON SAUDI COMPANY शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०१/१९ चलानी नं.: ६०१७८८५२ LT. No.: 262615

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 26 | 0 | स. काममा दक्ष | 1000 | ३२,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ बैशाख २८ गते (11 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनूहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Sufi International Services Pvt. Ltd.**
Gov. Lic. No. 796/065/066
Sinamangal-9, Manpower Bazaar, Kathmandu, Nepal, Tel No.: +977-1-4469691, 4469692
E-mail: sufiinternationalservice@gmail.com , sufiintlpvt796@gmail.com



### साउदीमा रोजगारको अवसर

कम्पनी : ULTIMATE SHINE LAUNDRY FOR CAR SERVICES शहर : SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०१/०२ चलानी नं.: ६०१७७९३७ LT. No.: 261766 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Washing And Lubricating Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३९,०७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख २८ गते (11 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Work Force Services Pvt. Ltd.**
श्रम ईजाजत पत्र नं. १७२/०५६/५७
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np



### Tribhuwan Secondary School

Narayan Municipality-01, Dailekh
Karnali Province

**Invitation For Bids**

Notice No. 02/2078-079
*First Date of Publication: 2079/01/21 (4 May 2022)*

1. Tribhuwan Secondary School invites only Electronic Bids From Nepalese Eligible Bidders for the Construction of Following Projects under National Competitve Bidding Procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Tribhuwan Secondary School , , Dailekh or may Visit school Website www.tssd.edu.np or PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding documents is available in online and can be downloaded from eGP system http://www.bolpatra.gov.np/egp. Interested bidder should register in the e-GP system and should deposit the cost 3000 Nrs of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: .
   Name of the Bank: Rastriya Banijya Bank — Office Code no. 65001
   Name of Office: Tribhuwan Ma. Vi. — Office Account no.: 4010100000221001

| SN | Name of The Project | Contract Identification no. | Estimated Amount (Exclusive VAT,PS and Contingency) | Bid Security Amount | Bid Document Amount | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | Tribhuwan Secondary School Field and Retaining wall Construction Work | NCB/TSS/078-079/Works/02 | 47,04,992.3 | 1,60,000 | 3,000 | 2079 Jetha 20, 12:00 Noon |

Principal

# एन्फाले छानबिन समिति गठन गर्ने



**काठमाडौं/मस–** नेपाली राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरी र खेलाडीबीचको विवाद समाधान गर्न अखिल नेपाल फुटबल संघ (एन्फा)ले बुधबार छानविन समिति गठन गर्ने भएको छ ।

मंगलबार खेलाडी र एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पाबीच भएको छलफलपछि दुवै पक्ष छानविन समिति गठन गर्न राजी भएका हुन् । एन्फा मुख्यालयमा भएको छलफलपछि अध्यक्ष शेर्पाले भने, 'छानविन समिति गठन गर्ने र त्यसले चार दिनभित्र निष्कर्ष निकाल्नेमा खेलाडी सहमत भएका छन् ।'

छानविन समिति गठन गर्ने भए पनि कसको संयोजकत्व र कति सदस्यीय समिति बनाउने भन्नेबारे अध्यक्ष शेर्पाले केही खुलाउन चाहेनन् । अध्यक्ष शेर्पालाई भेट्नुअघि राष्ट्रिय टोलीबाट निस्किएका दश खेलाडीले आजै राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङलाई भेटेका थिए । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव घिसिङलाई भेटेर निस्कने वित्तिकै खेलाडीहरू सिधै एन्फा पुगेका थिए । खेलाडीहरूले सदस्यसचिवलाई भेट्नुअघि राष्ट्रिय तथा अन्तर्राष्टिय खेलाडी संघलाई विवाद समाधानका लागि पहल गरिदिन अनुरोध गरेका थिए ।

खेलाडीहरूले वैशाख १९ गते एन्फालाई पत्र बुझाएर छानविन गरी दोषीलाई कारबाही गर्न अनुरोध गरेका थिए । त्यसअघि मुख्य प्रशिक्षक अल्मुताइरीले पनि वैशाख १८ गते एन्फा महासचिवलाई पत्र लेख्दै खेलाडीको गल्तीमा माफी दिन आग्रह गरेका थिए ।

राष्ट्रिय फुटबल टोलीका महत्वपूर्ण १० खेलाडीले वैशाख १३ गते राति टिम बसेको होटल छाडेका थिए । त्यसपछि उनीहरूले वैशाख १५ पत्रकार सम्मेलन गर्दै मुख्य प्रशिक्षक अल्मुताइरीको ज्यादतीका कारण टिम छाड्नु परेको बताएका थिए ।

मुख्य प्रशिक्षक अब्दुल्लाहका कारण आफुहरुलाई अन्याय भएको र खेलाडीको हकहितमा बोल्दा उल्टो आफु दोषी देखिएको भन्दै खेलाडीले यतिबेला उचित छानविनका लागि पछिल्लो दुई दिनमा एन्फा देखि मन्त्रालय र राखेपमा पत्र बुझाइसकेका छन् ।

# अर्मीको तेस्रो, हेल्प नेपालको दोस्रो जित



**काठमाडौं/मस–** त्रिभुवन आर्मी क्लबले छैटौं संस्करणको आरबीबी-एनभीए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल लिग प्रतियोगिताको पुरुषतर्फ लगातार तेस्रो जित निकालेको छ । त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा मंगलबार गल्कोट स्पोर्ट्स क्लबलाई ३-० को सोझो सेटमा हराउँदै आर्मीले लगातार तेस्रो जित निकालेको हो ।

लगातार तेस्रो जित निकाल्ने क्रममा आर्मीले गल्कोटमाथि २५-१२, २५-११ र २५-२२ को सेटमा जित निकालेको हो । जितसँगै आर्मीले ३ खेलमा ९ अंक जोडेको छ । आर्मी शीर्ष स्थानमा रहेको छ । गल्कोटको यो लगातार तेस्रो हार हो ।

त्यस्तै मंगलबार नै भएको अर्को खेलमा हेल्प नेपालले लगातार दोस्रो जित निकालेको छ । त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा मंगलबार गण्डकी प्रदेशलाई ३-२ को सेटमा हराएर हेल्प दोस्रो जित निकालेको हो । हेल्पले गण्डकीमाथि १३-२५,२७-२५, २८-२६, १४-२५ र १५-१३ को सेटमा जित निकालेको हो । जितसँगै हेल्पले २ खेलमा ६ अंक जोडेको छ ।

यस्तै विभागीय टोली एपीएफ क्लबले छैटौं संस्करणको आरबीबी-एनभीए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल लिग प्रतियोगिता अन्तर्गत महिलातर्फ पहिलो जित निकालेको छ । त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा मंगलबार त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटमा हराएर एपीएफले पहिलो जित निकालेको हो ।

एपीएफले आर्मीमाथि २७-२५,१३-२५,२५-२१ र २५-२३ को सेटमा जित निकालेको हो । पहिलो खेलमा एपीएफलाई पुलिसले हराएको थियो । आर्मीले एभरेस्ट भलिबल क्लबलाई हराएको थियो ।

यस अघि एभरेस्ट भलिबल क्लबले न्यु डायमण्ड स्पोर्ट्स क्लबलाई ३-२ को सेटमा हराएको थियो । एभरेस्टले न्यु डायमण्डमाथि २७-२५,१३-२५,२०-२५,२५-२१ र १५-१३ को संघर्षपूर्ण सेटमा जित निकालेको हो ।

लिगमा पुरुषतर्फ ७ टिम र महिलातर्फ ५ टिमको सहभागिता रहेको छ । पुरुषतर्फ त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, हेल्प नेपाल, गण्डकी प्रदेश, गल्कोट स्पोर्ट्स क्लब र ढोरपाटन क्लब रहेको छ । महिलातर्फ त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, न्यु डायमण्ड र एभरेस्ट मावि रहेको छ । विजेताले ६ लाख, उपविजेताले ३ लाख, तेस्रोले १ लाख ५० हजार र चौंथोले ७५ हजार प्राप्त गर्ने छन् ।

# नवौं राष्ट्रिय खेलकुदको तयारीमा जुट्यो गण्डकी सरकार



**पोखरा/मस–** पोखरामा हुने नवौं संस्करणको राष्ट्रिय खेलकुद प्रतियोगिताका सभ्य र भव्यरुपमा सञ्चालन गर्न गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले विशेष चासो दिएका छन् । गण्डकी प्रदेशको राजधानी पोखरामा जेठ २२ देखि २८ गतेसम्म प्रतियोगिता हुँदैछ ।

प्रतियोगिताको तयारी र यसको व्यवस्थापनका लागि गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले मंगलबार उच्चस्तरीय बैठक बोलाए । प्रतियोगितालाई व्यवस्थापन गर्न अनि दोस्रो प्रदेशको प्रतिनिधित्व गर्दै खेलमा सहभागी हुने खेलाडीको छनोटबारे छलफल गर्न उनले बैठक डाकेका हुन् ।

मुख्यमन्त्री पोखरेलले संघ सरकारको कार्यक्रम भए पनि पोखरामा हुन लागेको यस प्रतियोगितालाई सफल पार्न सम्बद्ध सबै निकाय र सरोकारवाला जिम्मेवार भएर लाग्न निर्देशन दिए । प्रतियोगिताका लागि बजेट केन्द्र सरकारले नै उपलब्ध गराउने भए पनि प्रदेशका तर्फबाट खेलाडी छनोटका लागि भने प्रदेशले नै बजेट व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसका लागि आवश्यक बजेटको प्रवन्ध गर्न सरकार तयार रहेको प्रतिबद्धता उनले जनाए ।

बैठकमा भौतिक पूर्वाधार, यातायात व्यवस्था तथा सहरी विकास मन्त्री कुमार खड्काले संघ सरकारसँगको सहकार्यमा प्रतियोगितालाई व्यवस्थित गर्नुपर्नेमा जोड दिए ।

प्रदेशका प्रमुख सचिव रविलाल पन्थले प्रतियोगितामा सहभागिता जनाउने सन्दर्भमा मन्त्रिपरिषदबाट निर्णय गरेर अगाडि बढिने उनले जानकारी गराए । प्रदेशको युवा तथा खेलकुद मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले आधिकारिक पत्राचारका लागि संघ सरकारसँग आफूले पहल गर्ने बताए । प्रदेशमा खेलाडी छनोट र खर्च प्रक्रियाका लागि आवश्यक पर्ने कार्यविधि तत्काल निर्माण गरिने उनले जानकारी गराए ।

अर्थसचिव वैकुन्ठ अर्यालले पहिला खेलाडी छनोटको कार्यविधि तयार भएपछि बजेट व्यवस्थापन गरिने बताए ।

गण्डकी प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेजबहादुर गुरुङले प्रतियोगिता सञ्चालनका लागि हालसम्म भएको प्रगतिका बारेमा जानकारी गराए । उनले प्रदेशस्तरमा खेलाडी छनोट र व्यवस्थापन लगायत कामका लागि ५ करोड २० लाख रुपैयाँ आवश्यक पर्ने बताए ।

उनका अनुसार प्रतियोगितामा ३६ खेल समावेश हुनेछन् । पोखरामा हुने भएकाले प्रतियोगितामा नसमेटिने गरी छेलो र क्यानोनिङ समेत समावेश गर्न लागिएको छ ।

गण्डकीमा खेल गतिविधि अत्यधिक हुने भए पनि राष्ट्रियस्तरका प्रतियोगितामा गण्डकीको नतिजा भने अत्यन्तै कमजोर हुने गरेको छ । नेपालगन्जमा सम्पन्न आठौं राष्ट्रिय खेलकुदमा गण्डकी छैटौं नम्बरमा थियो । उक्त प्रतियोगितामा ७ वटा प्रदेशका अतिरिक्त ३ वटा विभागीय टोली सहभागी थिए । अहिले भने एनआरएनको टोली समेत थपिएर ११ वटा टोलीबीच प्रतियोगिता हुने भएको छ । प्रदेशका सबै जिल्लामा कम्तीमा पनि एक खेलको प्रतियोगिता हुने गरी व्यवस्थापन मिलाउन लागिएको छ ।

गण्डकी प्रदेशमा ३९ वर्ष पछि हुन लागेको राष्ट्रिय खेलकुद प्रतियोगितामा ७ हजार खेलाडी, २ हजार व्यवस्थापक र १ हजार रेफ्री गरी कम्तीमा १० हजार जना प्रत्यक्ष संलग्न हुनेछन् । यसले खेल गतिविधि मात्र नभए पोखराको पर्यटनमा समेत राम्रैसँग प्रवर्द्धन हुनेछ ।

बैठकमा अर्थमन्त्री रामजीप्रसाद बराल जीवन, युवा तथा खेलकुद मन्त्री राजीव गुरुङ, कास्कीका प्रमुख जिल्ला अधिकारी जयराज आचार्य, प्रदेश प्रहरी कार्यालय प्रमुख डिआइजी दिवेश लोहनी, सशस्त्र प्रहरी बलका बाहिनीपति बाबुराम पाण्डे, नेपाली सेनाका प्रतिनिधि, खेलकुद मन्त्रालय, प्रदेश खेलकुद परिषद्का अधिकारीहरु सहभागी थिए ।

# एसियाडका लागि तेक्वान्दो छनोट शुक्रबारदेखि



**काठमाडौं/मस–** चीनको हाङझावमा हुने १९ औं एसियाली खेलकुदका लागि तेक्वान्दो खेलाडीको प्रारम्भिक छनोट प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ । एसियाली खेलकुद भदौ २५ देखि असोज ९ गतेसम्म हुँदैछ ।

प्रतियोगितामा जम्मा ११ स्पर्धामा प्रतिस्पर्धा हुने छनोट समितिका संयोजक समेत रहेका तेक्वान्दोका मुख्य प्रशिक्षक नवीनकुमार श्रेष्ठले जनाएका छन् । ग्योरोगीमा पुरुषतर्फ ५ र महिलामा ४ गरी ९ स्पर्धामा खेल हुने छ । पुरुष/महिला एकल पुम्से विधा पनि समावेश छ । ग्योरोगीको पुरुषमा ५८ केजीमुनि, ६३ केजीमुनि, ६८ केजीमुनि, ८० केजीमुनि र ८० केजीमाथि तथा महिलामा ४९ केजीमुनि, ५३ केजीमुनि, ५७ केजीमुनि र ६७ केजीमुनि तौलसमूहमा भिडन्त हुने छ ।

सहभागी हुन १८ वर्ष पूरा भएको हुनु पर्ने छ । छनोटमा भाग लिन हालसम्म आधिकारिक अन्तर र्राष्ट्रिय प्रतियोगितामा सहभागी खेलाडी, कुनैपनि आमन्त्रण अन्तर र्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा पदक प्राप्त खेलाडी, राष्ट्रिय खेलकुद परिषद्/संघले आयोजना गरेको वा संघले मान्यता दिएको राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त खेलाडी, प्रदेशस्तरीय प्रतियोगितामा स्वर्ण विजेता खेलाडी तथा विभागीय टिमको हकमा विभागले आयोजना गरेको विभागीय राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक प्राप्त खेलाडी हुनु पर्ने छ ।

प्रत्येक स्पर्धामा चार खेलाडी पहिलो चरणलाई छनोट हुने छन् । दुईदिने छनोट प्रतियोगिताका खेलहरु सातदोबाटोस्थित नेपाल तेक्वान्दो एकेडेमीको हलमा हुने छ ।


## ढुगुनागडी ईन्भेष्टमेन्ट क. लि.

काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २८, कमलपोखरी ।

को

## चौथौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०७९/०१/०८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको चौथौं वार्षिक साधारण सभा तपशिल विवरणमा उल्लेखित मिति, स्थान तथा समयमा विवरणमा उल्लेखित विषयहरु उपर छलफल तथा निर्णय गर्ने गरी बस्ने भएकोले सम्पूर्ण शेयरधनीहरु महानुभावहरुलाई सभामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

मिति : २०७९ जेठ १२ गते, बिहिबार ।

स्थान : कम्पनीको कार्यालय,
ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं.१३, कुसुन्ती ।

समय : दिनको १:०० बजे

**छलफलका विषयहरु**

(१) संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

(२) लेखा परिक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्त सम्मको वासलात र सोही मितिमा समाप्त आ.व.०७७/७८ को नाफा/नोक्सान हिसाब र सोही अवधीको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(३) आ.व.०७८/०७९ को लागि लेखा परीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

(४) कम्पनीको चौथौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।

(५) विविध ।

आज्ञाले
**दिनेश पौड्याल**
सञ्चालक



## सैनामैना नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**बुद्धनगर, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

## आशय पत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९-०१-२१**

यस कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं | बोलपत्रदाताको नाम | विवरण | कबोल अंक(मु.अ कर सहित) रु. |
|---|---|---|---|
| NCB/13/078-79 | श्री वाइड एङ्गल निर्माण सेवा प्रा. लि., मध्यपुर थिमी-०१ | Construction of Black Topped Roads at Ward No. 1 | ३४,८७,८५३।८१ |



**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
## Road Division, Pyuthan

## Notice of Intention to Award Contract

**Date of Publication : 2079/01/21**

Government of Nepal, Ministry of Physical Infrastructure & Transport, Department of Roads, Road Division, Pyuthan hereby notifies and intends to award the following contract and publish this notice to all concerned bidders regarding our Bid *Notice No RDPTN/078/079-05* (published on Kathamandu Post Dainik dated 2078-12-17) in accordance with ITB Clause 39 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and for the purpose of clause 47 of PPA, 2063.

| S.N. | Contract No. & Project Name | Name and Address of Bidder | Total Bid Amount excluding VAT & PS. (NRs) |
|---|---|---|---|
| 1 | **RDPTN/337310113/078/79-17,** Roadway Excavation (Back cutting ,Mode Cutting In Different Chainage)) works along Gahana-Chakchake-Liwang-Rolpa Madichaur Darbote ( Sulichaur- Liwang Section) Road in Pyuthan & Rolpa District. | M/S Jaljala Construction Company (P)Ltd.Liwang-06, Rolpa | 19,54,600.00 |
| 2 | **RDPTN/33701169/078/79-18**, Road Upgrading works along Chapka Dekhi-Rangsi Bhawang Liwang Jodne Sadak in Rolpa District. | M/S Bhrikuti Nirman Sewa. Tribeni-07, Rolpa | 36,54,000.00 |
| 3 | **RDPTN/33701169/078/79-19**, Road Upgrading works along Sulichaura- Kavara-mangha-Kwaligau sadak in Rolpa District. | M/S Swargadwari Mahaprabhu Builders Pvt.Ltd. Swargadwari-03, Pyuthan | 33,87,725.00 |
| 4 | **RDPTN/33701169/078/79-20**, Road Upgrading works along Madichaur -Kureli-Chunnbang Sadak in Rolpa District. | M/S Bhrikuti Nirman Sewa. Tribeni-07, Rolpa | 34,78,625.00 |
| 5 | **RDPTN/337101134/078/79-21**, Road Upgrading works Maichane-Sworgewari-Jaluki (Bhingri) Sadak in Pyuthan District. | M/S Yajib Construction Pvt.Ltd.Tulsipur-06, Dang | 1,38,17,995.03 |

**Division Chief**

# डिजिटल वालेटमा निगरानी बढाउँदै राष्ट्र बैंक

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २० वैशाख ।



नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीमाथि केहि समय सुस्ताएको नेपाल राष्ट्र बैंक फेरि एक्सनमा उत्रिएको छ । नेपाल राष्ट्र बैंकले क्रेडिट कार्ड र वालेटको प्रयोगमा कडाई प्रकृयालाई अगाडि बढाएको छ । जसको लागि केन्द्रीय बैंकले भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन, २०७८ मा संशोधन/थप गरेको छ । नेपाल प्रहरीको साइबर ब्यूरोले डिजिटल वालेटले अवैध कारोबार बढाएको भन्दै प्रतिवेदन दिएको २ महिनापछि मात्रै राष्ट्र बैंक डिजिटल वालेटमा निगरानी बढाउने निष्कर्षमा पुगेको हो । प्रहरीले गत फागुनमा अर्थ मन्त्रालयमा बुझाएको प्रतिवेदनमा डिजिटल वालेटले अवैध वित्तीय कारोबार बढाएको विषयलाई उल्लेख गरिएको थियो । प्रहरीको उक्त प्रतिवेदनमा डिजिटल वालेटको नियमन सम्बन्धी व्यवस्था फितलो हुँदा अपराध अनुसन्धानका लागि पर्याप्त जानकारी पाउन नसकिएको बताइएको थियो । बैशाख १९ गते भुक्तानी सम्बन्धी एकीकृत निर्देशन, २०७८ मा संसोधन गर्दै राष्ट्र बैंकले डिजिटल वालेटको कारोबारमा कडाई गरेको छ । जारी गरिएको उक्त निर्देशिकामा भनिएको छ, 'विद्युतीय वालेटमा रकम लोड गर्दा, एक वालेटबाट अर्को वालेटमा रकमान्तर गर्दा तथा अन्य विद्युतीय भुक्तानी कारोबार गर्दा अनिवार्य रुपमा प्रयोजन खुलाउनुपर्ने व्यवस्था गर्नुपर्नेछ ।' भुक्तानी सम्बन्धी गरिएको नयाँ निर्देशिकानुसार अब ग्राहकले वालेटमा कारोबार गर्दा विवरण खुलाउनुपर्ने हुन्छ ।

डिजिटल वालेटसँगै नेपाल राष्ट्र बैंकले क्रेडिट कार्डको प्रयोगलाई पनि कडाई गरेको छ । क्रेडिट कार्डको प्रयोगसम्बन्धी बैंकले जारी गरेको नयाँ गरेको नयाँ गरेको निर्देशिकामा भनिएको छ, 'सामान्यतया क्रेडिट कार्डबाट नगद कारोवार गर्न पाइने छैन । तर अत्यावश्यक भएको अवस्थामा कार्डको स्वीकृत सीमाको १० (दश) प्रतिशतसम्म नगद झिक्न बाधा पुगेको मानिने छैन । साथै, क्रेडिट कार्डमार्फत वालेटमा लोड गरिएको रकम वस्तु तथा सेवाको विद्युतीय भुक्तानीको लागि मात्र प्रयोग गर्नुपर्नेछ । उक्त रकम बैंक खातामा ट्रान्सफर गर्न र नगद झिक्न नमिल्ने व्यवस्था सम्बन्धित भुक्तानी सेवा प्रदायक संस्थाले गर्नुपर्नेछ ।' चालु आर्थिक वर्षको ७ महिनाको समयमा इसेवा, खल्ती लगायतका डिजिटल वालेटबाट ठगी भएका ४४ वटा घटनाको प्रहरीले अनुसन्धान गरेको छ । हाल नेपालमा २७ वटा कम्पनीले डिजिटल वालेट सेवा सञ्चालन गर्न राष्ट्र बैंकबाट अनुमति लिएका छन् ।

# 'राष्ट्रिय अर्थतन्त्रको अडिट गर्नुपर्छ'




**काठमाडौं/मस** - अर्थमन्त्री जनार्दन शर्माले अर्थतन्त्र सबलीकरणका लागि मर्यादित र व्यवसायिक लेखा परीक्षण हुनुपर्ने बताएका छन् । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) ले राजधानीमा आयोजना गरेको प्रथम राष्ट्रिय लेखा व्यवसायी सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री शर्माले सम्पूर्ण सम्पत्तिको सही लेखा जोखा गर्नुपर्ने दायित्वबाट लेखा परीक्षक बिमुख हुन नहुने बताए । कुनै पनि व्यवसाय वा सम्पत्तिको लेखा परीक्षण गर्ने क्रममा जोड-घटाउमा थोरै मात्र तलमाथी भए राष्ट्रिय अर्थतन्त्रमा नै असर गर्नेतर्फ लेखा परीक्षकहरुलाई ध्यान दिन उनले आग्रह गरेका थिए ।

'जोड गर्नुपर्ने ठाउँमा घटाउ राखियो वा घटाउनुपर्ने ठाउँमा भाग वा गुणा गरियो भने त्यसले हिसाब मात्रै बिगार्दैन, राष्ट्रिय अर्थतन्त्रमा नै ठूलो असर गर्छ भन्ने कुरामा तपाईहरु (लेखा परीक्षक)ले ख्याल राख्नुहोला' उनले भने । लेखा परीक्षण व्यवसाय अर्थतन्त्रको मूल आधार र समग्र देशको आर्थिक चित्र देखाउने ऐना भएको उनको भनाइ थियो । 'निजी, सरकारी, गैर-सरकारी सबै क्षेत्रमा लेखा परीक्षण क्षेत्रले राम्रो भूमिका खेलेको छ' उनले भने, 'लेखा परीक्षण व्यवसायमा अत्यन्तै इमान्दारिता, स्वच्छता र जिम्मेवारी बोधको आवश्यकता छ ।' उनले वित्तीय अनुशाशन कायम गर्न/गराउन लेखा परीक्षकको भूमिका महत्वपूर्ण हुने बताउँदै लेखा परीक्षण कुनै संस्था वा कम्पनीको हिसाब किताबमा मात्रै सिमित नभई समग्र देशको सम्पत्ति मूल्यांकनमा पनि प्रयोग हुनुपर्ने बताए ।

कार्यक्रममा उनले गरिबी अन्त्यका लागि देशको अर्थ व्यवस्थाको 'अडिट' हुनुपर्ने बताए । 'अहिले राष्ट्रिय सम्पत्तिको अडिट गर्नुपर्ने बेला भएको छ' उनले भने । मुलुकलाई आत्मनिर्भर बनाउने गरी मुलुक भित्रको स्रोत साधनको अधिकतम उपयोग गर्ने बेलासमेत आएको उनले बताए । कार्यक्रममा आइक्यानको अध्यक्ष सिए युद्धराज ओलीले लेखा व्यवसायी सम्मेलन पहिलो पटक आयोजना भएको बताए । २ दिनसम्म चल्ने सम्मेलनबाट राााष्ट्रिय अर्थतन्त्रका बिषयमा गम्भिर रुपले चिन्तन हुने उनको भनाइ थियो ।

# साथीमार्टको १०० औं शाखा सानेपामा



**काठमाडौं/मस** – साथीमार्टले ललितपुरको सानेपामा सयौ आउटलेटको उद्घाटन गरेको छ । नेपालको रिटेल चेन इतिहासमा पहिलोपटक साथीमार्टले सयौ आउटलेट सुरु गरेको दावी गरेको छ । मंगलबार आउटलेटको साथीमार्टका ब्रान्ड एम्बेस्डर एवं महानायक राजेश हमालले उद्घाटन गरेका छन् । कार्यक्रममा बोल्दै हमालले साथीमार्ट इनोभेटिभ, सकारात्मक र बिस्वस्नियता भएको कम्पनी भएकाले आफू जोडिएको बताए । उक्त सयौं आउटलेट फ्रेन्चाइज नभई कम्पनीको स्वामित्व अन्तर्गतको मोडलमा सुरु गरिएको साथीमार्ट इनकर्पोरेट प्रालिका संस्थापक सीइओ सागर पोखेलले बताए । आउटलेटमा ग्रोसरी, इलेक्ट्रोनिक, कस्मेटिक, होमकेयर, बेबीकेयर, किचन वयर, लिकर, गिफ्ट लगायतका सामान उपलब्ध छन् ।

सानेपा आउटलेटमा घरैमा बसेर पनि सपिङ गर्न सकिन्छ । कम्पनीको आधिकारिक वेबसाइट वा एप स्टोरमा उपलब्ध एप मार्फत अर्डर गर्न सकिने र त्यसको निःशुल्क डेलिभरी हुने सीइओ पोखरेलले जानकारी दिए । तीन वर्षभित्र १० लाखभन्दा बढी युवालाई साथी स्टार्टअप योजना अन्तर्गत स्वरोजगार बनाउने तथा नेपाली उत्पादनलाई निर्यात समेत गर्ने बताइएको छ । २०७८/७९ आर्थिक वर्षमा २ सय करोड (दुई अर्ब) को टर्नओभर गर्ने लक्ष्य राखेको कम्पनीले २०८०/८१ बाट हजार करोडको टर्नओभर लक्ष्य राखेको छ भने आर्थिक वर्ष २०७९/८० सम्ममा कम्पनीको कुल भ्यालुएसन एक अर्ब पुऱ्याउने लक्ष्य राखेको छ जनाएको छ ।

साथीमार्टका आउटलेट पुर्वमा झापादेखि पश्चिम कैलाली दार्चुला सम्म फैलिएका छन् । जिरी, सल्यान, अर्घाखाँची लगायतका ग्रामीण भेगमा नेपालका प्राय ठुला सम्पूर्ण सहरमा फैलिएको छ । हाल स्टोर र कम्पनीमा ४ सयभन्दा बढी र अप्रत्यक्ष ३ हजारभन्दा बढी रोजगारी पाएको सीइओ पोखरेलले बताए । कम्पनीले विभिन्न खाद्यान्न वस्तुहरू चिया, कफी, दाल, चामल, ध्यु, पिठो, ड्राइफूड, अचार, साबुन, स्याम्पू, हेडवास जस्ता फूड र ननफूड गरी २ सय भन्दा बढी वस्तु आफैं उत्पादन गर्ने चरणमा रहेको पनि बताएको छ । साथीमार्टले २०७७ भदौ ३० गते बौद्धमा पहिलो आउटलेट खोलेर चेन स्टोर सुरू गरेको थियो ।

# साढे ४६ लाखले लिए प्यान नम्बर




**काठमाडौं/मस** - नेपालमा हालसम्म स्थायी लेखा नम्बर (प्यान) प्राप्त गर्ने करदाताको संख्या साढे ४६ लाख नाघेको छ । अर्थ मन्त्रालयका अनुसार २०७८ चैत मसान्तसम्म कूल ४६ लाख ७४ हजार २०२ जनाले स्थायी लेखा नम्बर लिएका छन् ।

हालसम्म १७ लाख ५३ हजार ६४२ जनाले व्यावसायिक स्थायी लेखा नम्बर, २९ लाख ४ हजार ७७१ जनाले व्यक्तिगत स्थायी लेखा नम्बर र १५ हजार ७८९ जनाले अग्रिम कर कट्टी प्रयोजनका लागि स्थायी लेखा नम्बर लिएका छन् ।

# सूर्या लाइफ तीनवटा विधाबाट सम्मानित




**काठमाडौं/मस**– सूर्या लाइफ इन्स्योरेन्सले तीन वटा विद्यामा सम्मान पाएको छ ।

इन्डियन चेम्बर अफ कमर्सले आयोजना गरको 'थर्ड इमर्जिङ एशिया इन्स्योरेन्स अवार्ड २०२१' मा सूर्या लाइफले तीनवटा विद्या 'बेस्ट इफेक्टिभ एडोप्टेसन अफ टेक्नोलोजी', बेस्ट स्ट्राटेजी इन इन्स्योरेन्स स्प्रेडिङ्ग इन नेपाल इन्स्योरेन्स इन्डस्ट्रि' र 'आउटस्ट्यान्डिङ पर्फमेन्स इन लाइफ इन्स्योरेन्स इन्डस्ट्रि अफ नेपाल' आवार्ड हासिल गरेको छ ।

विश्व विख्यात चार्टर एकाउन्टेन्सी तथा कन्सल्टेन्सी संस्था लगायत थुप्रै संस्थाहरुबाट स्वतन्त्र रुपमा मूल्यांकन गरी विभिन्न वित्तीय सुचाङ्कहरुमा उत्कृष्ट कार्यसम्पादनको आधारमा उक्त अवार्ड प्रदान गरेको हो । बिमिस्टेक मुलुकहरुबाट प्यानलिष्ट भई नेपालबाट प्रतिनिधित्व गरेका इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत पवन कुमार खड्काले उक्त अवार्ड ग्रहण गरेका हुन् ।

# हिमालयन बैंकको लाभांश नरोक्न अदालतको निर्देशन

**काठमाडौं/मस** - उच्च अदालत पाटनले हिमालयन बैंकको लाभांश नरोक्न निर्देशन दिएको छ । हिमालयन बैंक र नेपाल इन्भेष्टमेन्ट बैंकको मर्ज भाँडिएसँगै राष्ट्र बैंकले लाभांश वितरण रोक्न निर्देशन दिएको थियो । उक्त रोक हटाइ तत्काल लाभांश वितरणको व्यवस्था मिलाउन उच्च अदालतले निर्देशन दिएको हो । राष्ट्र बैंकले लाभांश रोक्न निर्देशनकोविरुद्ध हिमालयन बैंक उच्च अदालत पाटनमा गएको थियो । अदालतले परमादेश जारी गर्दै लाभांश वितरण नरोक्न निर्देशन दिएको हो ।

'हिमालयन बैंकबाट शेयरधनीहरुलाई आर्थिक वर्ष २०७७/७८ को नगद लाभांश गर्न सक्ने अवस्था देखिँदा यस सम्बन्धमा जे जे गर्नुपर्ने हो गरी नगद लाभांश वितरण गर्न निवेदक हिमालयन बैंकलाई आवश्यक निर्देशन दिनु,' अदालतले राष्ट्र बैंकको नाममा जारी गरेको परमादेशमा भनिएको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

"कृषि, उद्योग र पर्यटनमा वृद्धि : बारबर्दिया नगरको समृद्धि"

## बारबर्दिया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**जयनगर, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र आव्हान सम्बन्धी ३० दिने सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०७९/०१/२१**

यस बारबर्दिया नगरपालिका, नगरकार्यपालिकाको कार्यालय जयनगर बर्दियाबाट आ.व.०७८।०७९ को स्वीकृत कार्यक्रम अनुसार तपशिलको परिमाणको सेनिटरी प्याड बोलपत्रका माध्यम बाट खरिद गर्नुपर्ने भएको हुँदा तपशिलका शर्तहरुको अधिनमा रहि इजाजत प्राप्त फर्म,कम्पनी वा व्यवसायीहरुबाट रित पुर्वकको विद्युतिय बोलपत्र मात्र आव्हान गरिएको छ ।

१) बोलपत्र खरिद दस्तुर रु. ३०००।- का लागि न.पा. बारबर्दिया नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको नाममा एनआई सी एशिया बैंक मगरागाडी शाखामा रहेको खाता नं. **१२२२०५२४९८२५१००७** र धरौटी नगद दाखिलाका लागि सोहि बैंकको खाता नं. **१२२२०५२४९८२५१०१०** । ब्रैक धरौटीको हकमा धरौटीको मान्य अवधि १२० को हुनु पर्नेछ ।
२) बोलपत्र सूचनाको अवधि ३० दिनको रहनेछ ।
३) बोलपत्र प्रस्ताव गर्दा आ.व. २०७७/०७८ को कर चुक्ता, व्यवसाय,फर्म दर्ता एवं नविकरण प्रमाण पत्र,भ्याट, प्यान दर्ता, औषधी तथा सेनीटरी प्याड विक्री वितरणको आधिकारिकताको प्रमाण पत्र लगाएतका न्यूनतम कागजातहरु पेश गर्नु पर्नेछ ।
४) सम्पूर्ण सेनिटरी प्याडहरु IS/NS/Certified कम्पनीहरुबाट उत्पादित सामान मात्र खरिद हुनेछ ।
५) आपूर्ति हुने सेनिटरी प्याड प्रत्येकको प्याकिङ्ग बाहिरा Expire date Batch No. अनिवार्य रुपमा उल्लेख भएको हुनु पर्नेछ ।
६) बोलपत्रदाताले प्रस्ताव गरेको सेनिटरी प्याडको नमुना प्याकेज बोलपत्र खोल्ने मिति भन्दा अगावै कार्यालयमा पेश गर्नु पर्नेछ अन्यथा मुल्याङ्कनमा समावेश गरिने छैन ।

**तपशिल**

| ठेक्का/दरभाउपत्र नं. | खरिद कार्यको विवरण | स्पेशिफिकेशन | आवश्यक परिमाण | जमानत |
|---|---|---|---|---|
| MG/G/ NCBBMO-Sanitary Pad.-01/078/079 | सेनिटरी प्याड | बोलपत्र प्रस्ताव सम्बन्धि कागजातमा सम्लग्न रहेको छ | ८०३२४ प्याकेट (८ पीस प्रति प्याकेटको) | १,३०,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**